# ADCCN
Association of District Coordination Committees of Nepal
जिल्ला समन्वय समिति महासंघ नेपाल

ई-बुलेटिन
e-Bulletin

Vol. 6 [Issue –II] (जिल्ला समन्वय समिति महासंघ नेपालको ई-बुलेटिन) E-Bulletin, June-July 2023 (२०८० असार)


# कोशी प्रदेशका जिल्ला समन्वय समिति र नीति आयोग विचको सहकार्य




२०८० असार १३ जिल्ला समन्वय समिति महासंघ नेपाल कोशी प्रदेश समितिको शपथग्रहण कार्यक्रम मोरङ्ग जिल्ला समन्वय समितिको सभाहल विराटनगरमा महासंघ कोशी प्रदेश समितिका अध्यक्ष एवं भोजपुर जिल्ला समन्वय समितिका प्रमुख कमल थुलङ्ग राईको अध्यक्षतामा प्रमुख अतिथि कोशी प्रदेश सरकारका स्वास्थ्यमन्त्री माननीय तिलकुमार मेन्याङ्बो साथै विशेष अतिथि प्रदेश सांसद माननीय डा. इसायल मन्सुर, माननीय विद्या चाम्लिङ्ग, माननीय भीम पराजुली, माननीय दुर्गा चापागाँइ, प्रदेश समिति उपाध्यक्ष तोप्लेजुङ्ग जि.स.स.का प्रमुख छिरिङ्ग लामा, सचिव झापा जि.स.स.का उपप्रमुख शान्ता रोका साथै महासंघका केन्द्रिय अध्यक्ष राजन मेहता, महासचिव अशोक कुमार घिमिरे, उपमहासचिव दिपक कुमार गौतम, कोषाध्यक्ष सनबहादुर राई सहित कोशी प्रदेशका १४ वटै जिल्लाबाट प्रमुख, उपप्रमुख, सदस्यहरुको भव्य उपस्थितिमा सम्पन्न भयो ।

जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष राजन मेहताले प्रदेश समितिलाई शपथ गराउनु भएको थियो । शपथ ग्रहण गर्नुहुनेहरु ...

| क्र. सं. | नाम थर | जि.स.स.मा रहेको पद | प्रतिनिधित्व गर्ने जि.स.स. | निर्वाचित पद |
|---|---|---|---|---|
| १. | श्री कमल थुलुङ्ग राई | प्रमुख | भोजपुर | अध्यक्ष |
| २. | श्री छिरिङ लामा | प्रमुख | ताप्लेजुङ्ग | उपाध्यक्ष |
| ३. | श्री शान्ता रोका क्षेत्री | उपप्रमुख | झापा | सचिव |
| ४. | श्री जीवन कुमारी राई | सदस्य | भोजपुर | उपसचिव |
| ५. | श्री याम कुमार आङ्बो | उपप्रमुख | पाँचथर | कोषध्यक्ष |
| ६. | श्री गौर बहादुर विश्वकर्मा | प्रमुख | उदयपुर | सदस्य |
| ७. | श्री गुमानसिंह इस्बो | प्रमुख | तेह्रथुम | सदस्य |
| ८. | श्री चित्रकला बराईली | उपप्रमुख | इलाम | सदस्य |
| ९. | श्री तेज प्रसाद गिरी | उपप्रमुख | उदयपुर | सदस्य |
| १०. | श्री गोपालमान थापा | सदस्य | ओखलढुङ्गा | सदस्य |
| ११. | श्री ज्ञानेन्द्र राई | सदस्य | खोटाङ्ग | सदस्य |
| १२. | श्री तुलसा काफ्ले बराल | सदस्य | झापा | सदस्य |
| १३. | श्री हरिमाया वि.क. | सदस्य | मोरङ्ग | सदस्य |
| १४. | श्री कुमारी वि.क. | सदस्य | सुनसरी | सदस्य |
| १५. | श्री सावित्रा राई | उपप्रमुख | धनकुटा | सदस्य |

कार्यक्रममा नेपालको संघीय संरचनामा जिल्ला समन्वय समितिलाई स्थानीय तहको रुपमा स्थापित गरेको र यसले संघ प्रदेश र स्थानीय सरकारलाई जोड्ने पुलको रुपमा विकास गर्ने र तीनै सरकारले गर्ने भौतिक र मानवीय विकासमा समन्वय, अनुगमन र सन्तुलन कानून राख्न संधै क्रियाशिल रहने कुरा भेलाले प्रतिवद्धता जाहेर गरेको छ । साथै संघ र प्रदेश सरकारले संविधानको स्पिरिट अनुसार जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाउन आवश्यक कानून र नियमहरु समयमै बनाउन जोड दिने समेत मन्त्री र माननीयहरुको प्रतिवद्धता रहेको थियो ।

प्रमुख अतिथि स्वास्थ्य मन्त्री तील कुमार मेन्याग्बोले संविधानले जिम्मेवारी दिइसकेपछि साधनस्रोत र बजेटको व्यवस्था गर्नुपर्छ, बच्चा जन्मिसकेपछि सबैलाई बराबरी स्याहारसुसार गर्नुपर्छ भन्नुभयो साथै जिल्ला समन्वय समिति प्रमुख र उपप्रमुखलाई राष्ट्रिय सभाका सदस्यहरुलाई मत दिन पाउने अधिकार राख्नुपर्छ । पर्यटन विपत व्यवस्थापन, वातावरणीय सन्तुलन, जाती भाषा संस्कृती र संस्कार संरक्षण जस्ता विषयमा राज्यले नियम बनाएर जिम्मेवारी दिनुपर्छ ।

कोशी प्रदेश योजना आयोगका अधिकृत गणेश अधिकारीले जिल्ला समन्वय समितिलाई संविधानले दिएको भूमिका काम, कर्तव्य र अधिकारको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रम महासंघका कोशी प्रदेश समिति सचिव एवं झापा जिल्ला समन्वय समिति उपप्रमुख शान्ता रोकाले संचालन गर्नुभयो भने महासंघ प्रदेश समितिका उपाध्यक्ष तथा ताप्लेजुङ्ग जि.स.स. प्रमुख छिरिङ्ग लामाले स्वागत मन्तव्य दिनु भएको थियो ।

# ललितपुर जिल्ला समन्वय समितिको सातौं जिल्ला सभा





जिल्ला समन्वय समिति ललितपुरको सातौं जिल्ला सभा मिति २०८० असार २६ गते जि.स.स. ललितपुरको सभाहलमा जि.स.स. ललिलतपुरका प्रमुख ऋषिदेव फुँयालको अध्यक्षतामा प्रमुख आतिथि नेपाल सरकारका शहरी विकास मन्त्री माननीय सीता गुरुङ्ग, विशेष अतिथि प्रतिनिधि सभा माननीय उदय शमशेर राणा र प्रेम महर्जन, वाग्मती प्रदेश उपसभामुख अप्सरा चापागाँई लगायत प्रदेस सभा माननियहरुको बाक्लो उपस्थिति ६ वटै स्थानिय तह नगरपालिका तथा गाउँपालिकाका प्रमुख तथा उपप्रमुखहरु, प्रमुख जिल्ला अधिकारी तथा वडा अध्यक्षहरु, सुरक्षा निकायका प्रमुखहरु, विभिन्न संघ/संस्थाका अध्यक्ष लगायत पत्रकारहरूको उपस्थितीमा जिल्ला सभा भव्यताका साथ सम्पन्न भयो । जिल्लाको विकास निर्माण र जिल्ला समन्वय समितिको भुमिकाबारे व्यापक चर्चा भएको थियो । प्रमुख अतिथि शहरी विकास मन्त्री माननीय सीता गुरुङ्गले पानसमा बत्ति बालेर सभाको उद्घाटन गर्नुभएको थियो । माननीय मन्त्री सीता गुरुङ्गले जिल्ला समन्वय समितिले संघ प्रदेश र स्थानीय तीनवटै तहसंग प्रभावकारी रुपमा समन्वय गरी अगाडि बढ्नुपर्ने र संविधानको मर्म पनि जिल्ला समन्वय समितिको भूमिका समन्वय र अनुगमन गर्ने भएकोले तीनै तहसंगको समन्वयमा कामलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । विकास र सेवा प्रवाहका लागि दुर्गम क्षेत्रका नागरिकले सहजै स्थानीय तहबाटै सेवा प्राप्त गर्न सकून भन्ने उद्देश्यले संघीय व्यवस्था कार्यान्वयनमा ल्याइएको स्मरण गर्दै संघीयतालाई सवल बनाउने गरी संघ/प्रदेश र स्थानीय तहले प्रभावकारी काम गर्नुपर्ने भनि आगामी वर्षदेखि संघ/प्रदेश र स्थानीय तहले संचालन गर्ने योजनाको प्राथमिकतामा पहल गरे विकासमा थप प्रभावकारी बन्न सक्छ र उपत्यकाको गुरुयोजना निर्माण गर्न लागेको जानकारी दिंदै अव्यवस्थित शहरी योजनाले उपत्यका घरैघरको शहर जस्तो देखिएको बताउनु भयो ।

कार्यक्रमका अध्यष ऋषिदेव फुँयालले स्थानीय तहको योजनाको अनुगमन जिल्ला समन्वय समितिले गरे पनि अनुगमनको प्रतिवेदन कहाँ, कसरी कार्यान्वयन हुने भन्ने अन्यौल कायम रहेको बताउनु भयो । संविधान अनुसार जिल्लाभित्रका नगरपालिकाका प्रमुख/उपप्रमुख, गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष र जि.स.स.का पदाधिकारीहरुको उपस्थितिमा वार्षिक एक पटक अनिवार्य रुपमा जिल्लासभा गर्नुपर्ने व्यवस्था छ । जिल्ला सभाले जिल्लाको वार्षिक नीति, कार्यक्रम पारित गर्नुपर्नेमा जोड दिनुभयो ।

# पूर्ण खोप सुनिश्चितता तथा दिगोपना - खोटाङ् जिल्ला घोषणा सभा





मिति २०८० असार २३ गते खोटाङ् जिल्लाले भव्य कार्यक्रमको वीच पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरेको छ । दुईवटा नगरपालिका, ८ वटा गाउँपालिकाले सम्पन्न गरेपछि जिल्लाले कार्यक्रमको घोषणा गरेको हो । खोटाङ् जिल्लाले पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्दा कोशी प्रदेशमा तेस्रो हुन पुगेको छ । पहिलोमा ताप्लेजुङ्ग, दोस्रोमा उदयपुर र तेस्रोमा खोटाङ् हो । ०- १५ महिना सम्मका बालबालिकालाई १३ प्रकारका खोप दिइन्छ । सो उमेर अवधिमा छुटेमा ५९ महिना सम्ममा खोजी गरेर खोप दिनुपर्छ र शून्य डोज भएपछि घोषणा गर्न सकिन्छ । खोटाङ्मा आ.व. २०७९/८० मा १६५०५ जना खोप लिने बालबालिकाहरु रहेको थियो । खोपले १३ प्रकारका रोगहरुबाट बचाउने र आउने पुस्तालाई स्वस्थ्यकर राख्न नेपाल सरकार, विश्व स्वास्थ्य संगठन र दातृ संस्थाहरु गाबी लगायतको सहयोगमा खोप उपलब्ध गराउँदै आएको छ । खोटाङ्मा मात्रै यो खोपको लागि झण्डै एक अरब खर्च भएको देखिन्छ र यो देशव्यापी दिइने नियमित खोप हो ।

कार्यक्रम जिल्ला समन्वय समिति खोटाङ्का प्रमुख एवं जिल्ला खोप समन्वय समितिका अध्यक्ष सनबहादुर राईको अध्यक्षतामा प्रमुख अतिथि संविधानसभा सदस्य दुर्गा जयन्ती राई, अतिथिहरुमा पूर्व सांसद कूलप्रसाद शर्मा, जिल्ला समन्वय समितिका पूर्व प्रमुख बबि चाम्लिङ्ग, सबै गाउँ/नगरका प्रमुख/अध्यक्षहरु, राजनीतिक दलका अध्यक्ष, प्रतिनिधिहरु प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडा लगायत सरकारी कार्यालय प्रमुखहरु, गाउँ/नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरु, स्वास्थ्य शाखा प्रमुखहरु सरोकारवाला सबैको उपस्थितिमा सम्पन्न गरिएको थियो ।

### जिल्ला समन्वय समितिहरुको क्षमता विकासका लागि

# नीतिबहस कार्यशाला गोष्ठी सम्पन्न



श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) र जिल्ला समन्वय समिति महासंघ नेपालको सहकार्यमा मिति २०८० जेष्ठ २८ र ३० गते दुई दिने नीतिबहस कार्यशाला गोष्ठी धुलिखेल, काभ्रेपलाञ्चोकमा सफलताका साथ सम्पन्न भयो । जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष श्री राजन मेहताज्यूको अध्यक्षतामा प्रमुख अतिथि माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदी, विशिष्ट अतिथि माननीय श्री बालानन्द पौडेल, अध्यक्ष प्राकृतिक श्रोत तथा वित्त आयोग, माननीय रमेश लेखक प्रतिनिधि सभा, पूर्व माननीय एवं राष्ट्रिय सभा सदस्य श्री परशुराम मेघी गुरुङ्, श्री खिमलाल देवकोटा तथा पूर्व माननीय तथा संविधान सभा सदस्य एवं जिल्ला विकास समिति महासंघका अध्यक्ष श्री कृष्ण प्रसाद सापकोटा लगायत अन्य अतिथि, महासंघका कार्यसम्पादन समिति तथा ७ वटै महासंघ प्रदेश समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव लगायत प्रधानमन्त्रीको कार्यालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय योजना आयोगका प्रतिनिधिज्यूहरुको सक्रिय सहभागितामा राष्ट्रियगान गाएर प्रमुख अतिथि, विशिष्ट अतिथि तथा अतिथिहरुलाई फूलमाला खादाले स्वागत गरिएको थियो । प्रमुख अथिति माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदीले पानसमा बत्ति बालेर कार्यक्रमको उदघाटन गर्नुभएको थियो । कार्यक्रमस्थल रहेको काभ्रेपलाञ्चोक जिल्लाका जिल्ला समन्वय समिति प्रमुख एवं महासंघका उपमहासचिव श्री दिपक कुमार गौतमले स्वागत मन्तब्य राख्नुभएको थियो ।

उक्त कार्यशालामा बाट निम्न विषयमा नीतिगत प्रबन्ध गरि जिल्ला समन्वय समितिहरुलाई आगामी दिनमा परिचालन गर्न सकिने निचोड सहित सबै सरोकारवालालाई अनुरोध एवं जानकारी गराइएको थियो । कार्यशालामा जि.स.स. महासंघको लागि अनुगमन र समन्वय सम्बन्धी मार्गदर्शन मस्यौदाकारहरु माननीय रमेश लेखक, पूर्व माननीय खिमलाल देवकोटा, पूर्व माननीय परशुराम मेघी गुरुङ् तथा संविधान सभा सदस्य एवं तत्कालिन जिल्ला विकास समिति महासंघ नेपालका अध्यक्ष तथा पूर्व माननीय कृष्ण प्रसाद सापकोटाले उक्त जिल्ला समन्वय समितिको क्षमता विकास का लागि समन्वय र अनुगमन सम्बन्धि मार्गदर्शन मस्यौदाका महत्वपूर्ण विषयहरुको संक्षिप्त प्रस्तुतीकरण गर्नु भएको थियो ।

**प्रस्ताव गरिएका विषय र भूमिकाः**

जिल्ला समन्वय समितिहरुको क्रियाशिलता प्रभावकारी बनाउन नीति विधि बनाएर क्षमता विकास गर्नुपर्ने र बुझाईमा एकरुपता सहितको नीति बनाउन सक्दा जिल्ला समन्वय समितिहरुको भूमिका प्रभावकारी हुने अपेक्षा गरिएको उक्त कार्यशालामा जलवायु परिवर्तन र यसका असरको न्यूनीकरणका लागि प्रतिकार्यको प्रबन्ध र संचालनमा विपतको तत्काल उद्धार तथा राहतको विषयमा बाहेक विपदमा परेको पुर्नस्थापन तथा पुर्ननिर्माण (विकासका) का कार्यक्रम निमार्ण तथा कार्यान्वयनमा जिल्ला समन्वय समितिहरुको समन्वय, सहजीकरण तथा क्षमता विकास र दिगो जिवीकोपार्जनमा प्रभावित वस्ती र समुदायको पक्षवाट तीनैतहका सरकार तथा अन्य परिचालित स्वदेशी र विदेशी निकायहरु संगको सहकार्यका लागि जिल्ला समन्वय समितिको संरचनागत र सांगठनिक तथा भौतिक क्षमता विकास आवश्यक छ ।

जिल्ला समन्वय समितिहरुलाई राष्ट्रिय योजना आयोगको प्रदेश र स्थानीयतह संगको सहकार्यवाट दिगो विकास लक्ष्यको प्रचार प्रशार तथा सेवा प्रदायक र सेवाग्राहीको संलग्नता बढाउन र सहकार्यबाट लक्ष्य प्राप्तिका लागि कार्य गर्न क्षमता विकास लगायत प्रभावकारी अनुगमन, तथ्य तथ्यांकको संकलन र संरक्षण तथा विषयगत, आवधिक प्रगति प्रतिवेदनको लागि कार्य गर्ने सरकारी संरचनाको रुपमा परिचालन गर्ने वातावरण बनाउन आवश्यक छ ।

महिला बालबालिका तथा जेष्ठनागरिक सम्बन्धी लैगिंक समानता र सामाजिक समावेशीकरणबारे जिल्लास्तरमा सचेतनामूलक गतिविधि गरि समग्र जिल्लाका मौलिकता सहितको सामाजिक, सांस्कृतिक मूल्य, मान्यता र संम्पदाको संरक्षणमा योगदान दिनसक्ने विचारशील समूह (think tank) निमार्ण र तथा परिचालनका लागि जिल्ला भित्रका गाउँ तथा नगरपालिकाहरुको साथ सहयोग र समन्वयको लागि जिल्ला समन्वय समितिमा संयन्त्र रहने प्रबन्ध र परिचालन गरिने ।



नेतृत्वमा महिला पुग्न र अर्थपूर्ण सहभागिताका सम्बन्धमा महिला शसक्तिकरण, समानता र सामाजिक समावेशीकरणको मौलिकता निर्धारण मानकहरु बनेका छैनन् । महिला, बालबालिका सम्बन्धी लैंगिक समानता र सामाजिक समावेशीकरण बारे नीतिगत प्रबन्ध गरि जिल्लास्तरका कार्यक्रम निर्माण, समाज विकास र सामाजिक परिवर्तन कार्यलाई संस्थागत गर्ने नेतृत्व जिल्ला समन्वय समितिहरुलाई दिन सकिने ।

दिगो विकास लक्ष्यको स्थानीयकरण गरि त्यसलाई स्थानीय आवश्यकता, सम्भावना र उपलब्धीका पक्षबाट स्थानीयतहका बार्षिक, आवधिक योजना निमार्ण तथा बजेट बिनियोजन, नीति तथा कार्यक्रम सहितका कार्यान्वयन संयन्त्रको एकिकृत परिचालन गर्ने ।

दीगो विकास लक्ष्यका सम्बन्धमा समन्वय, सहजिकरण तथा अनुगमन र स्थानीय स्वेच्छिक प्रतिवेदन (Voluntary local review) तयारी तथा राष्ट्रिय स्वेच्छिक प्रतिवेदन (Voluntary national review) का लागि पृष्टपोषण गर्ने महत्वपूर्ण संयन्त्र जिल्ला समन्वय समितिहुने बारे राष्ट्रिय योजना आयोगलाई सुझाव सहितको प्रस्ताव बनाउन पनि यो कार्यशालाले मार्ग प्रशस्त गरेको छ ।

कार्यशालाको समापनमा जि.स.स. महासंघ नेपालका अध्यक्ष श्री राजन मेहताले यो दुई दिने कार्यक्रममा आफू लगायत सबै पदाधिकारी, प्रदेश महासंघ समिति, समन्वय अधिकारीहरु तथा PLGSP लगायत सरकारी अधिकारीहरु चासो र उत्साह साथ भागलिएर कार्यशाला सफल बनाई दिनु भएकोमा हार्दिक आभार प्रकट गर्नुभयो । जि.स.स.मा निर्वाचित जनप्रतिनिधिलाई काम गर्न समन्वय अधिकारीले नियम कानून तेस्याएर नरोकौं, समन्वय अधिकारीले हामीलाई सफल नेता बनाई दिने अवसर दिनुहोस् । गर्नसके राम्रो गरौं नसके कुभलो नसोचौं । प्रार्थना गर्ने ओठ भन्दा सेवा गर्ने हात पवित्र हुन्छन्, महासंघ दह्रो भयो भने सबै सफल हुन्छ सरकारले value गरेको छ । महासंघलाई संघीयता कार्यान्वयमा भएका राम्रो काम गर्ने प्रचार विभाग बनाउँ भन्दै सामाजिक मूल्य मान्यता, स्थानीय अवसर र आवश्यकता प्रति इमान्दारीपूर्वक काम गर्न लगन हुनुपर्छ । आगामी दिनहरुमा जिल्ला समन्वय समिति महासंघ र PLGSP कार्यक्रम विचको सहकार्यले थुप्रै राम्रा नतिजा ल्याउने विश्वास सहित आफूहरु सक्रिय रहने प्रण गर्दै यो दुई दिवसिय कार्यशालाको समापन भएको घोषणा गर्नु भयो ।

# दोस्रो केन्द्रिय कार्यसमितिको बैठक सम्पन्न



जिल्ला समन्वय समिति महासंघ नेपालका दोस्रो केन्द्रिय कार्यसमितिको बैठक २०८० जेठ ९ गते जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको सभाहल र जेठ १० गते होटल मिराबेल रिसोर्टमा जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका प्रमुख दिपक कुमार गौतमको व्यवस्थापनमा सम्पन्न भयो ।

पहिलो दिन महासंघको कार्यसमितिको बैठक बस्नु भन्दा अगाडी महासंघका अध्यक्ष श्री राजन मेहताको अध्यक्षतामा अतिथि पूर्व माननीय परशुराम मेघी गुरुङ्ग, प्रमुख जिल्ला अधिकारी पुष्प विक्रम पौडेल, बनेपा नगरपालिकाका मेयर शान्ति रत्न शाक्य र जिल्ला समन्वय समिति महासंघ नेपालका उपाध्यक्ष लुम्बिनी गौतम, महासचिव अशोक कुमार घिमिरे, उपमहासचिव दिपक कुमार गौतम, कोषाध्यक्ष सन बहादुर राई तथा केन्द्रिय कार्यसमितिका सदस्यहरु, जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका पदाधिकारीहरु तथा समन्वय अधिकारी र कर्मचारीहरु, पत्रकार एवं महासंघका कर्मचारीहरुको उपस्थितिमा जिल्ला समन्वय समितिको समन्वय तथा अनुगमन सम्बन्धी मार्गदर्शन (जिल्ला समन्वय समिति महासंघको लागि तयार गरिएको) पूर्व विधायिकी चरणको दस्तावेजको प्रस्तुती नेशनल लेजिस्लेटिभ एकेडेमीका प्रस्तोता पूर्व माननीय परशुराम मेघी गुरुङ्गले गर्नुभएको थियो ।

जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारक्षेत्र भित्र रहेको समन्वय तथा अनुगमन सम्बन्धी कार्यलाई थप व्यवस्थित, सहज र सरल ढंगले कार्यान्वयन योग्य बनाउने उद्देश्यका साथ यो समन्वय तथा अनुगमन सम्बन्धी अवधारणागत मार्गदर्शन निर्माण गर्ने प्रयास गरिएको हो । यसमा समन्वय तथा अनुगमन सम्बन्धी अवधारणा र त्यस सम्बन्धी मापनका नमूना सूचकहरु तयार गर्ने प्रयास गरिएको छ । उक्त अवधारणामा आधारित सूचकहरुको प्रयोगले जिल्ला समन्वय समितिलाई समन्वय र अनुगमनको लागि महत्वपूर्ण आधार प्रदान गर्नेछ । यस मार्गदर्शनमा संलग्न नमूना सूचकहरुको प्रयोगको आधारमा प्रभावकारी समन्वय र अनुगमनको लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

दोस्रो दिन महासंघ केन्द्रिय कार्यसमितिको बैठक होटल मिराबेल रिसोर्ट धुलिखेलमा महासंघ अध्यक्ष श्री राजन मेहताको अध्यक्षतामा सम्पन्न भयो । बैठकमा विभिन्न छलफल गरि १४ वटा निर्णयहरु गरियो ।





बैठक निर्णयहरु

१) ७७ वटै जिल्ला समन्वय समितिमा नियमित कार्य संचालन गर्न स्वीकृत दरवन्दी अनुसार कर्मचारी संघ सरकारले उपलब्ध नगराउँदा कार्य सम्पादनमा प्रश्न उठ्नुका साथै संविधानले तोकेको जिम्मेवारी वहन गर्न नसक्ने संस्थाको रुपमा राजनितिक, प्रशासनिक एवं नागरिक तहमा समेत टिक्का टिप्पणी भएकोबारे स्वयम् जिल्लाहरुले तथा यस महासंघले विगत देखि नै संघीय मन्त्री, मन्त्रालयका सचिव, सम्बन्धित महाशाखा प्रमुख लगायतलाई विषयको गम्भिरताबारे पटक पटक लिखित, मौखिक, ज्ञापनपत्र, महासंघका विभिन्न बैठकका निर्णय सहित जानकारी गराउँदा पनि हालसम्म समस्या घटेको छैन, बढेको छ । गतबर्ष २०७९ को स्थानीयतह निर्वाचन पछि निर्वाचित जिल्ला समन्वय समितिका प्रमुखहरुका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७९ आषाड २१ र २२ गते धुलिखेलमा आयोजना गरेको दुई दिवसिय अभिमुखीकरण गोष्ठीका अवसरमा मन्त्रालयका सचिव तथा सहसचिवहरुले सहजिकरणका सन्दर्भमा सहभागिहरुका जिज्ञासा मेटाउँदै मन्त्रालयले बढिमा ३ महिना भित्र प्राविधिक जनशक्ति नियुक्त गरि पठाउने र त्यसो हुननसकेमा सम्बन्धित जिल्ला समन्वय समितिले करार सेवामा नियुक्तिगरि आफ्नो कार्य सम्पादन गर्न सक्ने ब्यवस्था मिलाउने र जिल्ला समन्वय समितिहरुलाई संघीयता कार्यान्वयनको महत्वपूर्ण अंगका रुपमा परिचालित हुन सहजिकरण गरिने बताएको तर झण्डै एकवर्ष ब्यतितहुनलाग्दा यो विषयले नव निर्वाचितको कार्यसम्पादन क्षमतामा नै पश्नचिन्ह लाग्ने अवस्था आएकोले यस बैठकले संघीय मामिला मन्त्रालयलाई १५ दिनभित्र आवश्यक जनशक्तिको परिपुर्ति गरिदिन महासंघको तर्फवाट पुनः एकपटक अनुरोध गर्ने र सो विषयको सुनुवाई नभएमा ७७ वटै जिल्ला समन्वय समितिले नियमपूर्वक आवश्यकता अनुसार करारमा कर्मचारी नियुक्तिको प्रक्रिया सुरुगर्ने निर्णय गरियो ।

२. जिल्ला समन्वय समितिहरुका आन्तरिक समस्या तथा नीतिगतरुपमा संघ तथा प्रदेशहरुले जिल्ला समन्वय समिति संचालन ऐन, स्थानीय सरकार संचालन ऐन २०७४ को संशोधन तथा नियमावली बनाउन भईरहेको ढिलाई बाट आगामी दिनमा स्थानीयतहमा थप जटिलता बढ्दै जाने तथा प्रदेश र स्थानीयतहको सहकार्य समन्वय तथा सह अस्तित्व सम्भावना टाढिएकोले जिल्ला समन्वय समितिले तिनैतहमा प्रभावकारी समन्वय गर्न सरकारहरु तथा पार्टीहरु र दातृ निकाय सहित अन्य सरोकारवाला संग कार्यसूची बनाएर निर्णायक वार्ता गर्न महासंघको केन्द्रिय समितिका पदाधिकारी लगायत कार्यसम्पादन समिति सदस्य एवं ललितपुर जिल्ला समन्वय समिति प्रमुख श्री ऋषिदेव फुँयाल, कार्यसमिति सदस्य एवं जिल्ला समन्वय समिति काठमाण्डौ उपप्रमुख श्री शान्ति पाण्डे, कार्यसम्पादन सदस्य एवं भक्तपुर जिल्ला समन्वय समिति प्रमुख श्री ईश्वर बहादुर थापा र निर्वतमान अध्यक्ष श्री नवराज गेलाल सहित ९ जनाको कार्यदल गठन गरि अविलम्ब कार्यारम्भ गर्ने निर्णय गरियो ।

३. जिल्ला समन्वय समितिहरुमा रहेको मौज्दात कोष तथा संकलित आन्तरिक आयबाट यस अधि नेपाल सरकारको निर्णय बमोजिम स्थानीय तहका प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्था भवन, खानेपानी लगायतका पूर्वाधार निमार्णका लागि संझौतागरि कार्यान्वयन चरणमा रहेका योजनाहरुको निमार्ण सम्पन्न गर्ने तथा जिल्ला समन्वय समितिको कार्यालयको आवश्यक मर्मत संभार, थप निमार्ण लगायतका भौतिक प्रबन्ध मिलाउन लागत अनुमान तयार गरि आवश्यक खर्च गर्न पाउने ब्यवस्था हुन संघ सरकार संग अनुरोध गर्ने । यसरी प्रबन्ध हुन नसकेमा उक्त रकम र अव संकलित रकमहरु अन्य विविध कोषमा राखी जिल्ला सभाको निर्णय बमोजिम खर्च गर्ने प्रबन्ध गरिने निर्णय गरियो ।

४. महासंघ कार्यसम्पादन समितिले मिति २०८०।१२।१२ मा निर्णयगरि उपमहासचिव श्री दिपक गौतमको संयोजकत्वमा जिल्ला समन्वय समिति. सञ्चालन कार्यविधी निर्माण गर्ने जिम्वेवारी अनुसार नेशनल लेजिस्लेटिभ एकेडेमीको परामर्श सेवा लिई जिल्ला समन्वय समितिको समन्वय तथा अनुगमन अनुगमन सम्बन्धी मार्गदर्शन तयारी गर्ने समझदारी भए बमोजिम तयार भएको पूर्व विधायिकी चरणको दस्तावेज (मस्यौदा प्रस्ताव)को प्रस्तुती, उक्तकार्य समूहका सदस्य पुर्व माननीय राष्ट्रिय सभा विधायन ब्यवस्थापन समिति सदस्य श्री परशुराम नेगीगुरुङ्गले गर्दै उक्त मस्यौदामाथि टिप्पणी, आवश्यक राय सुझाव संकलन गर्ने कार्यलाई महत्वपूर्ण कार्यको सुरुवात भएकोमा संयोजकलाई धन्यवाद सहित उक्त सेवा लिने निर्णयको अनुमोदन गरियो । साथै उक्त दस्तावेजलाई थप परिमार्जन गरि ७७ वटै जिल्ला समन्वय समिति मार्फत कार्यान्वयको प्रबन्ध मिलाउने निर्णय गरियो ।

५. नेपाल सरकारले प्राकृतिक श्रोत परिचालन र ब्यवस्थापन गर्ने ऐनको मस्यौदा तयार गरि ऐनको निमार्ण गर्न लागेको र उक्त ऐनमा यस अधि जिल्ला समन्वय समितिलाई दिईएको भूमिका कटौती गर्ने गरि प्रस्ताव तयार भएको भन्ने विषयमा महासंघको गम्भिर ध्यानाकर्षण भएको विषय सहितको पत्र सम्बन्धित निकायमा बुझाई जिल्ला समन्वय समितिको भूमिकाका लागि आवश्यक प्रावधान समावेस गराउन समन्वयात्मक दवावको लागि माथि निर्णय नं १ मा गठन गरिएको कार्यदललाई निर्देशन दिने निर्णय गरियो ।

६. महासंघको कार्यालय, बैठक कक्ष र पदाधिकारीको कक्षका लागि हाल उपलब्ध स्थान अपुग भएकोले जिल्ला समन्वय समिति काठमाण्डौको भवनमा थप कोठा महासंघको प्रयोगका लागि उपलब्ध गराईदिन अनुरोध गर्ने निर्णय गरियो ।

७. महासंघका सदस्य जिल्ला समन्वय समितिहरु केहिले बाहेक अधिकांसले गत आव २०७८।०७९ देखिको सदस्यता शुल्क उपलब्ध नगराउँदा कार्य सचालन सहजिकरणमा समस्या परेकोले सबै सदस्य जिल्ला समन्वय समितिले यहि २०८० जेष्ठ महिना भित्र महासंघको खातामा जम्मागरि जानकारी पठाउन ताकेता गर्ने निर्णय गरियो । गत विगतको बक्यौता मध्ये यसबर्ष कति सकिन्छ सो समेत पठाउन कार्य समिति आग्रह गर्दछ ।

८. महासंघलाई नेपाल सरकारले यस बर्षका लागि विनियोजन गरेको रकम रु. २५ लाख निकासा प्राप्त गर्न, आगामी बर्षको नीति कार्यक्रममा महासंघले प्रस्ताव गरेका कार्यक्रम समावेस गरि आवश्यक बजेट विनियोजन लगायत अन्य समसामयिक विषयमा तालुक मन्त्रालयका मन्त्री, कर्मचारीसंग बैठक गर्ने गरि कार्य समितिका पदाधिकारी र काठमाण्डौंमा उपलब्ध जिल्ला समन्वय समितिका प्रमुखहरु सहितको प्रतिनिधि मण्डल जाने निर्णय गरियो ।

९. महासंघको आगामी बर्षका कार्यक्रम र वजेट केन्द्र र प्रदेश समितिहरुले बनाउन तथा सम्भावित श्रोतको पहिचान र विनियोजन बारे प्रस्ताव निर्माण गरी संघ र प्रदेश सरकारको सहयोग र

समन्वयको प्रबन्ध मिलाउन कोषाध्यक्ष श्री सन बहादुर राईको संयोजकत्वमा तयार गरी अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

१०. महासंघ सचिवालयमा बजेट निर्माण, आर्थिक प्रतिवेदन निर्माण, लेखांकन (Digital package) मा राख्न लेखा हेर्ने कर्मचारी नभएको हुंदा यस आर्थिक बर्षको अन्त्य हुन लागेकोले लेखापरीक्षण समेत गर्न लेखापालन व्यवस्थापन सहजिकरण गर्ने सेवा प्रदायको सेवालिन कोषाध्यक्षले सचिवालयलाई नेतृत्व दिने निर्णय गरियो ।

११. महासंघ सचिवालयले आन्तरिक तथा वाह्य स्थानीय सरकार सम्बन्धि कार्यगर्नेमा सहयोग गर्ने संघ संस्था, निकायसंगको सम्पर्क समन्वय तथा असल अभ्यासका कार्यशाला आयोजना गर्ने तथा अरुले आयोजना गरेकोमा भागलिने, नयाँ सोचधारणाको प्रस्तुतिकरण गर्ने तथा सहजिकरण गर्ने व्यावसायिक कार्यमा महासंघको संलग्नता, योगदान र आयोजनाका लागि कार्य सम्पादन समितिमा मस्यौदा पेश गर्न र महासंघलाई प्राप्तहुने निमन्त्रणा, विषयगत क्षेत्रका लागि मागिने महासंघको धारणा तथा अरु स्थानीयतह सम्बन्धि संघ, महासंघसंगको सहकार्य समन्वय र विचार/धारणा बनाउन र प्रतिनिधित्व वा सहभागिताको लागि कार्य सम्पादन समितिको बैठक बस्ने अनुकुलता नहुँदाको अवस्थामा कसरी संचार गर्ने लगायतका Standard Operating Procedure बनाई अर्को बैठकमा पेशगर्न महासचिवलाई तोक्ने निर्णय गरियो ।

१२. जिल्ला समन्वय समितिहरुले लैंगिक मैत्री, समावेसी कार्य संयन्त्र बनाई समावेसी कार्यलाई वातावरण मैत्री कार्यक्रम, जोखिम न्यूनिकरणका प्रति कार्यमा अन्य सरोकारवाला संस्थागत संयन्त्र संगको सहकार्य, क्षमता विकास तथा नेतृत्वका लागि अनुगमन तथा प्रतिवेदन निर्माण तथा महासंघको धारणा सार्वजनिकिकरण गर्ने प्रबन्ध केन्द्र तथा प्रदेश महासंघ समितिलाई मार्गदर्शन तथा परिचालन गर्न पदाधिकारी सहितको संयन्त्र बनाउने निर्णय गरियो ।

१३. यस महासंघको चौथो राष्ट्रिय परिषद २०७९।०८।२१-२२ गते पोखरामा सम्पन्न गरि जारी भएको पोखरा घोषणा पत्रको बुँदा नं. ३ मा जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुखलाई राष्ट्रिय सभाका सभासदको निर्वाचनमा मतदान गर्न पाउने अधिकार दिइयोस भन्ने विषय नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रतिनिधि सभाका सम्माननीय सभामुख र राष्ट्रिय सभाका सम्माननीय अध्यक्षलाई सम्बोधन गरि कार्यान्वयनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

१४. यस अवधिमा जिल्ला समन्वय समिति कालिकोटका सदस्य स्व. श्री कालिबहादुर वि.क.को मिति २०८०।०१।०२ मा असामयिक स्वर्गारोहण भएको खवरले महासंघ स्तब्ध भएकोछ । स्वर्गिय आत्माको चीरशान्तिका लागि श्रद्धान्जली तथा परिवारजनमा हार्दिक समवेदना प्रटक गरियो ।

## First Silk Road International Youth Photography and Short Video Competition 2022

### Cash Prize and Certificate with Excellent Award Ceremony at DCC Bhaktapur June 15, 2023



Association of District Coordination Committees of Nepal is the member of 21st Maritime Coordination Committee. ADCCN coordinated Nepali youth of Bhaktapur district for their participation in the photography and Short Video competition through notice from the District Coordination Committee Bhaktapur. District Coordination Committee Bhaktapur organized a prizes and certificate distribution program to the winners of First Silk Road International Youth photography and Short Video competition 2022 last month June 15, 2023 at Bhaktapur. Competition was held in last September 2022 and vitrual announcement ceremony was held in December in Fujhou.

Association of district Coordination Committee in coordination with Bhaktapur District Coordination Committee and Bhaktapur municipal education section managed the youth for their participation in first silk road international youth photography and short video competition 2022 in DCC hall Bhaktapur last year August 2022 and able to assembled 58 youth/students (age 12-15 and 16-20) from 13 schools.

Association of District coordination Committees of Nepal in coordination with DCC Bhaktapur and Bhaktapur Municipal education section managed youth inviting schools for participation. There was orientation program to the participants were about 58 showed up and only 42 students came in during the presentation of their creation before sending to the organizer First Silk Road International youth photography and short video competition Committee in Fuzhou Municipal Government of China by September 15, 2022.

There were 32 participants from 12 schools of age between 12-15 and 16-18 in two categories. The final award declaration ceremony was held in Fuzhou in hi-bred model and participants of outside china were joined in Zoom for virtual. Out of 875 entries from 32 countries 2 Nepali Youths **Mr. Roz Karmacharaya and Mr. Royan Khyaju** wined Photography and Short video competition as first and second and two other also selected for excellent award. The execellent award was for short video and photography also bagged by **Ms. Miju Shrestha** from Nawaratna English Boarding School Thimi, Bhaktapur and **Mr. Dhiraj Yadav** from Densh Internation Academy, Bhaktapur. Also the guide of the first prize winners **Dr. Purusottam Lochan Shrestha** and **Mr. Subhash Giri** was also recognized by offering token of love and certificate.

It was good luck to us that out of 32 submissions from Nepal through ADCCN's coordination Photography second prize and Short Video first prize and the 2 photography bagged excellent award. Notably the coaches of the winners also received token of love.

ADCCN in coordination with the Fujhou Municipal Government of China was able to give certificate of participation to all 42 contestent from Nepal. The prize was distributed in a ceremony organized by District Coordination Committee Bhaktapur were ADCCN, Chief of District Officer, District Coordination Officer, Deputy Chief of DCC Bhaktapur were attended the program and handed the cash prizes and certificate to all.

ADCCN is thankful with DCC Bhaktapur for their support and we appreciate to UCLG-ASPAC and 21st Maritime Cooperation Committee for this type of events.








# ECO from Senegal for SDG Localization through LGA's

SDG as UN initiated Global Development Agenda for 2030 that has focus on People, Planet, Peace, Prosperity and Partnership.




We in Nepal considering 5P as new definition of development where symbolized the user of development benefit, the physical source/context that earth is still the only one / absolute means. All humanbeing should understand the importance of Earth & Planet at large through their behaviors towards other (irrespective of their) for peaceful partnership. All living have equal important of living. One can't super extracting the other in Hindu mythology five physical elements call "Pancha Tatwa" The earth, the water the wend, the sky and the light has protected the life the plant & spices. Each living should respect those five omnipotent elements "The Globe" Nature which is free and enough to all as human also the nature. But, Human has passed the natural boarder in the same of civilization and couple led among each other by using their gifted brain, sense, sights, smell, sound test the five elements of knowledge "Gyanendriya" we have review and adjust our action of planning, resource managing and implementing as we are doing for oneself.

The Govermnet of Nepal able to submit two VNR report to UN-HLPF in 2017 and 2020. It has internalised the SDG goals, targets and also have added more than double indicators from Nepal's prespective. It was coincident that Nepal decleared federal Country promulgating new constitution in October 2015 where as UN summit adopted SDG in September, 2015.

The Aim of SDG in 2030 were: Eliminate poverty and hunger

- Trackle disease to ensues healthier society and wellbeing
- Empower Women and girls
- Trackle the triple planetary crisis of a) Climate change, b) Biodiversity loss, c) Pollution

Means to achieve:

- Determination and efforts from citizen in every country
- Shared responsibility of Governments and global solidarity

Status: The indicators were not encouraging (as 2079)

- Some targets the global community was on track (child mortality, primary school enrolment.)
- World would need to quicken the pace particularly for

1) Eradicating poverty and hunger
2) Reducing maternal mortality
3) Increasing access to drinking water and sanitation
4) Achieving gender equality

Very challenging factor: World shipping backward

a) regressing on climate action, biodiversity and inequality

Local Government Associations (ADCCN, MuAN and NARMIN) were involved in Voluntary review SDGs Localization in Nepal in 2020 with the support of Sweden Sverige and Eurpoean Union through UCLG. During the study there were 21 sample Municipalities selected from 7 proince 3 (old Municipality, new Municipality and Rural municipality) from each province. In the way forward of the study was nebtioned several points and one of that Government of Nepal haas reliased the need for localizing SDGs at the provincial and local levels for much of the SDGs related actions fall under the jurisdiction of subnational governments in accordance with the pwetr vested onto the local Government by the constitution. Acfcordingly goverbnment directed them to form subnational level SDGs implementation mechanism and also recommended provincial target and indicators.

SDGs are not just an enlargement of the MDGs in terms of the number of goals and targets, but they also seek to address complex issues like inequality and human rights. They take a more holistic approach to development. The ambition, however, is so high that some governments see several goals and targets as aspirationalWe envision Nepal as an enterprisefriendly middle-income country by 2030, peopled by a vibrant and youthful middleclass living in a healthy environment, with absolute poverty in the low single digits.

In laying a framework for implementing the SDGs, there are core factors at stake as follows. First, identification of priorities; Second; intervention of policy instruments; Third, investment of resources; and Fourth, institutional readiness. These 'I's – Identification, Instruments, Investment and Institutions – provide a coherent guide for the fifth 'I' – the Implementation of the SDGs (*NPC publication "Status and Road map 2016-2030"*).

What Nepal achieved so far:

National planning commission has produced update report in two fronts:

Planning process:

- SDG internalized from 14th periodic plan period (2015-2017)
- SDG and the long run national objectives has been aligned.
- SDG friendly Integrated National evaluation framework (2016-2020)
- SDG implementation status and Raod map for 2016-2030
- Prepared a resource book for SDG localization 2077 BS

Policy, strategy and action plan:

- Need identification, cost estimation and financial strategy 2018 AD enacted.
- Sample Planning formulation guideline 2078 BS prepared for province and local level prepared and rolled out




- Midterm Expenditure Framework (MTEF) has been adjusted in annual budget and programs.
- Budget code specified for SDGs in Annual budget and program

Evaluation and reporting mechanism:

- National Progress Report 2020
- Voluntary National Review (VNR) Report 2017 and 2020
- National Data PORTAL for Data collection system developed

**Update of the SDG in global context:**

Some good achievements: Health target close to achieve it was efforts to control COVID-19 and many countries supported in health services to control pandemic inform of health infrastructure development and increasing access to services in local level.

- Also increased GDP due to manufacturing value (9.2.1) – Access to information and communication technologies (9.c.1)
- Reducing fossil fuel subsidies (12.c.1). But far from the reaching the Goal 2 End hunger, Goal 11 make cities and human settlement inclusive, safe, resilient and sustainable.
- Goal 13 – Take urgent action to combat climate change and its impacts.
- Goal 16 – Promote peaceful and inclusive societies for sustainable development, access to justice for all build effective accountable & inclusive instituting
- Goal 17 – Strengthen the means of implementation and recitative the Global partnership for sustainable development.

## महामारीको लागि पूर्ण तयारीमा रहन जि.स.स. कास्कीका प्रमुख पौडेलको आग्रह



जिल्ला समन्वय समिति कास्कीको प्रमुख लिलाधरज्यूको अध्यक्षतामा मिति २०८० असार ११ गते कास्कीका पाँच ओटै स्थानिय तहका स्वास्थ शाखा प्रमुख, र सरोकारवाला निकायका प्रमुखहरूको उपस्थिति बैठकमा सम्भाबित महामारीको क्षतिलाइ न्यूनीकरण गर्न पूर्ण तयारी अवस्थामा रहन कास्कीस्थित सरकारी निकायहरूलाइ आग्रह गर्नु भएको छ । पौडेलले द्रुत प्रतिकार्य समूह (Rapid Response Team) परिचालन सम्बन्धि जिल्ला स्तरिय महामारीको बहुनिकाय समन्वय बैठकको अध्यक्षता गर्दै महामारीको कुनै समय नहुने र सम्भाबित क्षती कम गर्न पूर्ण तयारी आवश्यक भएकोले महामारी पछि मात्रै समाधानका उपाय खोज्ने प्रथाको अन्त्य गर्नुपर्ने बताउनु भएको हो । उहाँले प्रकोप र जनस्वास्थसंग सम्बन्धित बिषय जनताको जीवनसंग प्रत्यक्ष सरोकार राख्ने हुँदा जीवन सुरक्षा पहिलो शर्तको रूपमा लिन आग्रह गर्नुभयो । जिल्लाका विभिन्न स्थानमा पशुमा लम्की स्किन रोगको महामारीका कारण कृषि उद्धमीहरूले आर्थिक नोक्सानी ब्यहोर्नु परेकोले समयमै नियन्त्रणमा लिने ब्यबस्था तत्काल मिलाउन स्थानिय तह सहित प्रदेश र संघीय सरकारलाई आग्रह गर्नुभयो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेब घिमिरेले महामारीको सामनाका लागि स्पस्ट योजना र कार्यान्वयनको रूपरेखा सहित तयारी अवस्थामा रहन जिल्ला स्थित सरोकारवाला निकायहरूलाई आग्रह गर्नुभयो । कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बरालले कास्किमा देखिएका स्वास्थ्यसंग सम्बन्धित संभाबित महामारीहरूका बारेमा चर्चा गर्दै महामारीबाट कम क्षती हुने बैज्ञानिक तयारी हुनुपर्ने उल्लेख गर्नु भयो । जिल्ला स्वास्थ कार्यालय कास्कीका प्रमुख बद्री आचार्यले तयारी र योजनाको बारेमा प्रकाश पार्नुभएको थियो ।

## काठमाण्डौं जिल्लालाई सडक मानव मुक्त बनाउने सन्दर्भमा सरोकारवालाहरु बीच समन्वय र अन्तरक्रिया कार्यक्रम



**काठमाण्डौं जिल्लालाई मिति २०८०।०३।१७ गते जिल्ला समन्वय समिति काठमाण्डौंको सभाहलमा सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा जिल्ला समन्वय समिति काठमाण्डौंका प्रमुख सन्तोष बुढाथोकीज्यूको अध्यक्षतामा काठमाडौं जिल्लाको ११ वटै पालिकाको सम्बन्धित शाखा प्रमुख लगायत सरोकारवाला निकायहरु, जिल्ला समन्वय समिति काठमाण्डौंका उपप्रमुख शान्ति पाण्डे, सदस्यज्यूहरु, जिल्ला समन्वय अधिकारी र कर्मचारीहरुको उपस्थितिमा काठमाण्डौं जिल्लालाई सहयोगापेक्षी सडक मानव मुक्त काठमाडौं जिल्ला निर्माणको लागि अन्तक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो ।**



# जिल्ला समन्वय समिति रसुवाको गतिविधि





जिल्ला समन्वय समिति रसुवाको आयोजनामा २०८० असार ८ गते जिल्लास्थित सबै सरकारी कार्यलयहरुसग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख अशोककुमार घिमिरेको अध्यक्षतामा, उपप्रमुख बिजय लामा, सहायक प्रमुख जिल्ला अधिकारी दयाराम पौडेल लगायत विभिन्न अतिथि, महानुभावहरुको उपस्थितमा सम्पन्न भएको छ ।






मिति २०८० असार ९ गते, जिल्ला समन्वय समिति रसुवाका प्रमुख श्री अशोक कुमार घिमिरेको अध्यक्षतामा आयोजना भएको जिल्लामा दर्ता र नविकरण भएका सबै गैर सरकारी संस्था संग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा जिल्ला समन्वय समितिका उप-प्रमुख बिजय लामा, प्रमुख जिल्ला अधिकारी प्रकाश चन्द अधिकारी, लगायत विभिन्न अतिथि, महानुभावहरुको उपस्थितमा सम्पन्न भएको छ ।





## एउटै मन्चमा दुई फरक कार्यक्रम

मिति २०८०।०२।१५, धुन्चे, रसुवा

१. गणतन्त्र दिवस को उपलक्ष्यमा जिल्ला समन्वय समिति प्रमुख अशोककुमार घिमिरेकोज्यूको अध्यक्षतामा प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द अधिकारी, जि.स.स. उप-प्रमुख बिजय तामाङ, गोसाइँकुण्ड गाउँपालिका अध्यक्ष कैसाङ नुर्पु तामाङ, जिल्लाका सेना प्रमुख, प्रहरी प्रमुख, APF प्रमुख, विभिन्न कार्यलयका प्रमुखहरु, विभिन्न क्षेत्र संघ/संस्थाका प्रतिनिधि लगायतको विशेष उपस्थितिमा गणतन्त्र स्थापना दिवस भव्यताका साथ मनाएर सम्पन्न भएको छ ।

२. गणतन्त्र दिवसकै अवसर पारेर गोसाइँकुण्ड गाउँपालिकाको आयोजनामा गाउँपालिका अध्यक्ष रनिङ शिल्ड भलिबल प्रतियोगिताको समापन समारोह जिल्ला समन्वय समितिका प्रमुख अशोककुमार घिमिरेज्यूको प्रमुख आतिथ्यतामा र कैसाङ नुर्पु तामाङको अध्यक्षता, जि.स.स. उपप्रमुख बिजय तामाङ, उत्तरगया गाउँपालिका अध्यक्ष माधब अर्याल, प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द अधिकारी, जिल्लास्थित विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु लगायतको उपस्थितिमा भव्यताका साथ सम्पन भएको छ । उक्त कार्यक्रममा विभिन्न सांस्कृतिक प्रस्तुतीहरु, नृत्य र झाँक्रीहरु सहित प्रतियोगितामा प्रथम, द्वित्तिय, तृतीय र सान्त्वना पुरस्कार वितरण प्रमुख अतिथि र अन्य अतिथिहरुबाट प्रदान गरि सम्पन्न भएको छ । प्रमुख अतिथी जिसस प्रमुख अशोककुमार घिमिरेले उक्त कार्यक्रममा बोल्दै गणतन्त्र लाई दिगो र संस्थागत गर्नका लागि सबै राजनीतिक दल, जनप्रतिनिधि र सबै क्षेत्रका महानुभावहरु इमान्दार भएर लाग्नुपर्नेमा जोड दिदैं जिल्लामा खेलाडीहरुको प्रतिभाको बिकास गर्नका लागि सबैले उच्च प्रोत्साहन गर्नुपर्ने र रसुवाबाट पनि देशको लागि खेल्ने सक्षम खेलाडीहरु उत्पादन गर्नमा जोड दिन आफु लागिपर्ने र सबैलाई लागि पर्न अपिलसमेत गर्नुभयो ।

# जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिले गण्डकी प्रदेश मुख्य मन्त्रीलाई ज्ञापन-पत्र बुझाईयो

वैशाख २१, पोखरा, जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिले गण्डकी प्रदेशका नवनियुक्त मुख्य मन्त्री सुरेन्द्र पाण्डेलाइ ज्ञापन पत्र बुझाएको छ । महासंघको टोलिले मुख्य मन्त्री पाण्डेलाई सफल कार्यकालको कामना सहित विभिन्न १० बुँदे ज्ञापन पत्र बुझाएको हो ।

ज्ञापन पत्रमा जिल्ला समन्वय समितिको कामलाई थप व्यवस्थित बनाउन अनुगमन, मुल्यांकन, समन्वय, सहजीकरण र सन्तुलित बिकासमा केन्द्रित रहि छिटो भन्दा छिटो अनुगमन तथा समन्वय ऐनको कानुन निर्माण गर्नुपर्ने, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९३ मा जिल्ला सभालाइ आबश्यक पर्ने बजेट नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने भन्ने कानुनी ब्यबस्था भएकोमा आगामी आर्थिक बर्ष २०८०/०८१ का लागि जिल्ला समन्वय समितिलाई आबश्यक पर्ने बजेट (अनुगमन, सहजीकरण समेत) प्रत्येक जिल्ला समन्वय समितिलाई कम्तिमा बार्षिक रु. ५० लाख व्यवस्था गर्नुपर्ने, जिल्ला समन्वय समितिको आन्तरिक स्रोतको रकम जिल्ला सभाले निर्णय गरि खर्च गर्न पाउनु पर्ने यस कार्यका लागि संघीय सरकारसंग प्रदेश सरकारले सहजीकरण प्रदान गरि मौजुदा ऐनमा संसोधन गर्नुपर्ने लगायतका माग उल्लेख गरिएको छ ।

उक्त ज्ञापन पत्रमा गण्डकी प्रदेशमा मानसिक रोगिहरूको संख्या दिन प्रतिदिन बढ्दै गएकोले यस रोगको उपचारलाई व्यवस्थित बनाउन सरकारी तवरबाट प्रदेश स्तरिय मानसिक रोग उपचार अस्पताल निर्माण कार्य शुरु गर्न आगामी आर्थिक बर्ष २०८०/०८१ मा बजेटको व्यवस्था गरि कार्य प्रारम्भ गर्नुपर्ने, लैङ्गिक हिंसा यातना पीडितहरूको उपचारको कानुनी पैरवी र आश्रयका लागि कास्की जिल्ला, पोखरा ९३३ आमाचौरमा निर्माणाधिन प्रदेशस्तरिय सेफ हाउस (पुन:स्थापना केन्द्र) संचालनका लागि तुरुन्त ब्यबस्था गर्नुपर्ने, बर्षेनी नयाँ (नयाँ सडक योजना थप्नु भन्दा बहुबर्षे ठेक्का लागेका र लाग्ने क्रममा रहेका अधुरा योजनालाइ सम्पन्न गर्न यथेष्ट रकमको ब्यबस्थापन गर्नुपर्ने, अन्नपूर्ण संरक्षण क्षेत्र (ACAP), मनास्लु संरक्षण क्षेत्र (MCAP), राष्ट्रपति चुरे संरक्षण क्षेत्र र स्थानीय तह, ढोरपाटन बन्यजन्तु संरक्षण सिकार आरक्षको सेना र स्थानीय जनता बिचको समस्या समाधानको लागि, प्राकृतिक स्रोत साधनको संरक्षण र उपयोगका सम्बन्धमा स्थानिय स्तरमै



बिबाद देखिएकोले कानुनद्वारा नै बिबाद समाधान गर्न क्षेत्राधिकार स्पष्ट पारी ब्यबस्थापन गर्ने काममा पहल गर्नुपर्ने, स्थानीय सरकार संचालन ऐन २०७४ को साबिकको दफा १०५ लाई प्रदेश तथा स्थानिय तह समन्वय ऐन २०७७ ले खारेज गरि प्रदेश समन्वय परिषदमा जि.स.स.को भुमिका खुम्च्याइएकोले नीति निर्णयदेखि समन्वयकारी भुमिकामा जि.स.स. प्रमुखको अनिवार्य प्रतिनिधित्व हुने गरि पूर्व भुमिकालाइ यथाबत कायम गर्नुपर्ने, प्रमुख, उप प्रमुखको काम, कर्तब्य र अधिकार स्पस्ट हुनुपर्ने, सदस्यको जिम्मेवारीको बारेमा स्पस्ट संग उल्लेख गर्नुपर्ने उल्लेख गरिएको छ ।

ज्ञापनपत्र ग्रहण गर्दै मुख्य मन्त्री पाण्डेले अब छिटोभन्दा छिटो जिल्ला समन्वय समितिका अप्ठ्याराहरू सम्बोधन हुने गरि काम गर्ने प्रतिबद्धता ब्यक्त गरे । पाण्डेले जिल्ला समन्वयका समस्याहरूप्रती आफू जानकार रहेको भन्दै कानुन निर्माण लगायतका बिषय क्रमश: सम्बोधन गर्ने प्रतिबद्धता ब्यक्त गरे ।

जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिका अध्यक्ष लिलाधर पौडेलको नेतृत्वमा गएको प्रतिनिधि मण्डलमा केन्द्रिय सदस्य बाबुराम बि.क., अमर बहादुर थापा, माया गुरुङ सहित गण्डकी प्रदेशका जिल्लाका प्रमुखहरू, प्रदेश समितिका पदाधिकारी र सदस्यहरूको उपस्तिथि रहेको सचिब सरस्वती बगालेले जानकारी दिनुभयो ।

## अछाम जिल्लामा एभोकाडोको खेती

जिल्ला समन्वय समिति अछामका प्रमुख ललित बहादुर कुवँरज्यूको व्यक्तिगत पहलमा वि.सं. २०७५ साल चैत्र ११ गते अछामको वयलपाटा, वान्यगढी र खप्तड र नवाथाना क्षेत्रमा एभोकाडो जातका फल बृक्षरोपण गरि सुरुवात गरिएको वृक्षमा फल लाग्न थालेको छ ।

तत्कालिन नेपाल किसान संघ जिल्ला सभापति भएकै अवस्थामा उहाँको नीजि पहलमा सुरु गरिएको यस खेती अहिले जिल्ला भर भैलिएको छ । स्थानीय स्तरमै नर्सरी स्थापना गरि करिव २००० विरुवा हालसम्म रोपी सकिएको छ । २०७५ सालमै रु. ३५०००।- नीजी लगानी गरि नेपाल किसान संघ जिल्ला अधिवेशनका अवसरमा वर्तमान परराष्ट्र मन्त्री एन.पी.साउतज्यूले जिल्ला सम्मेलनको उद्घाटन एवं एभोकाडो वृक्षारोपण गर्नु भएको थियो । उक्त कार्यमा हालका सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा पूर्व मन्त्री गोविन्द बहादुर शाह लगायतले बृक्षारोपण गर्नु भएको थियो ।







# सिलाई मेसिन वितरण कार्यक्रम



मिति २०८० जेष्ठ १३ गते, जिल्ला समन्वय समिति सिन्धुलीका उप-प्रमुख शान्ता कार्कीले जिल्लाका महिलाहरुको आय आर्जनमा सहयोग पुऱ्याउन ६ जना महिलाहरुलाई सिलाई मेसिन उपलब्ध गराइएको थियो । सुरक्षित आवास गृहमा बस्दै आएका केहि महिलाहरुलाई सिलाई मेसिन प्रदान गरिएको हो ।

चार महिनाको सिलाइ कटाई तालिम पश्चात महिलाहरुलाई सिलाई मेसिन दिइएको हो । सुरक्षित आवासमा बस्दा सिलाई कटाई तालिम सिकेका महिलाहरुलाई सिलाई मेसिन हस्तान्तरण गरिएको जिल्ला समन्वय समिति सिन्धुलीका उपप्रमुख शान्ता कार्कीले जानकारी दिनुभयो ।

# राष्ट्रिय गौरवका योजनाका लागि नदिजन्य तथा खानी उपलब्धता बारे दुई जिल्ला विच बैठक तथा छलफल



मिति २०८० जेठ ३ गते, राष्ट्रिय गौरवका योजनाका लागि नदिजन्य तथा खानी उपलब्धता बारे दुई जिल्ला विच बैठक एवं छलफल सम्पन्न भएको छ ।

दुई जिल्ला समन्वय समिति सिराहा र जिल्ला समन्वय समिति धनुषा विच दुबै जि.स.स.का प्रमुख, उप-प्रमुख, सदस्य तथा सिराहा जिल्ला प्रमुख, धनुषाका जिल्ला प्रमुख, कर्जनहा नगरपालिकाका प्रमुख, जनपथ, सशस्त्र प्रमुखहरु लगायतको सहभागितामा कमला नदिको उत्खनन् राष्ट्रिय गौरवका योजनाका लागि नदिजन्य तथा खानी उपलब्धताबारे महत्वपूर्ण छलफल गरि बैठक सम्पन्न भयो ।

# सर्लाही कारागारको पुनःनिर्माणको कार्य शुरु







मिति २०८० असार ९ गते, सर्लाही जिल्लामा रहेको २०६७ सालबाट निर्माण कार्य शुरु भएको कारागार २०८० सम्म पनि निर्माणाधीन अवस्थामा रहेको छ । कारागारका कैदी (बन्दी)हरुले तथा प्रहरी प्रशासनले वर्षौ देखी सास्ती खेप्दै आएको पटक-पटकको बैठक तथा छलफल पश्चात पनि निर्माण हुन नसकेको कारागारलाई जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख कौशल किशोर सिंहज्यूको नेतृत्वमा, जिल्ला प्रशासन कार्यालय सर्लाही, जिल्ला प्रहरी सर्लाही, विभिन्न राजनीतिक दल, नागरिक समाज, मानवाधिकार कर्मी, पत्रकार, सम्मिलित टोलिले बैठक बसि सो कारागारको अनुगमन गरि निर्माण संग सम्बन्धित सहरी विकास कार्यालय तथा निर्माण व्यवसायीसंगको छलफल गरि यही २०८० असार मसान्त सम्म निर्माण सम्पन्न गर्ने प्रतिबद्धताका साथ धमाधम निर्माणको कार्य शुरु गरिएको छ ।

निर्माण व्यवसायीले २०८० श्रावण महिनाबाट कारागार संचालनमा आउने विश्वास दिलाएको छ ।



मिति २०८०/०३/०७, बसबरिया गाउँपालिकामा रहेको समस्या समाधान गर्न जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख कौशल किशोर सिंहद्वारा आयोजित बैठकमा बसबरिया गाउँपालिकाका आध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, लेखापाल तथा सरोकार वालाहरुको समन्वय बैठक बसि चालु आ.व.को हिसाब सार्वजनिक गर्दै, सम्पूर्ण पक्षहरुको सहभागीतामा २०८०/०८१ को लागि गाउँसभा गर्ने सहमति गर्दै बैठक सम्पन्न भयो ।

# सन्दर्भः राष्ट्रिय समन्वय परिषदको बैठक



✍ कृष्णचन्द्र न्यौपाने
kneupane47@gmail.com

नेपालको संविधान अनुसार नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरिराख्दै नागरिकको जीऊ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिकहक तथा मानव अधिकारका मूल्य मान्यता, लैंगिक समानता, समानुपालिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाईहरु बीचको सम्बन्ध संचालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा सुदृढ गर्ने राजनितिक उद्देश्य हुनेछ (संबिधानको भाग ४ धारा ५० निर्देशक सिद्धान्त बमोजिम) । यस सिद्धान्तको कार्यान्वयनका लागि संबिधानले संघ, प्रदेश र स्थानीयतह बिच अन्तर सम्बन्ध (धारा २३२)का आधार सहकारीता, सह अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ (धारा २३२ उपधारा १ बमोजिम) । यसका लागि संघ, प्रदेश र स्थानीयतह बिच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउने छ (धारा २३५) को व्यवस्था अनुसार मिति २०७७०४१३ मा मुलुकले अंगिकार गरेको बहुदलबादमा आधारित बहुदलिय प्रस्पिदात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढिकरणका लागि नेपालको संबिधान बमोजिम राज्यशक्ताको प्रयोग गर्ने संघ, प्रदेश र स्थानीय तहबीचको अन्तर सम्बन्ध सहकारीता, सहअस्तित्व, समन्वय र परस्परको सहयोगको आधारमा व्यवस्थापन गर्न समन्वय तथा अन्तर सम्बन्ध ऐन २०७७ जारी भएको र सो ऐनको दफा १६ मा राष्ट्रिय समन्वय परिषदको गठनको प्रावधान राखे बमोजिम गत २०८० आषाढ १६ गते पोखरामा पहिलो बैठक सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा सम्पन्न भए संगै संघीयता कार्यान्वयनमा देखिएका अस्पष्टता र दोहोरोपन हटाउन संघ, प्रदेश र स्थानीयतह बीच कार्ययोजना बनाएर कामगर्ने सहमति भएको छ ।

जिल्लामा हुने स्थानीय विकास कार्यक्रम र गतिविधिको समन्वय र सुपरिवेक्षणको जिम्मेवारी जिल्ला समन्वय समितिको रहेको छ । संघीय गणतन्त्र नेपालको संविधान बमोजिम जिल्ला समन्वय समितिले जिल्ला भित्रका नगरपालिका, गाउँपालिकाहरू सँग समन्वय गरी स्थानीय तहहरुले प्रस्ताव गरेका योजनाहरू स्थानीय आवश्यकता र प्राथमिकता सँग मिल्दाजुल्दा भएको एकिन गर्ने । प्रदेश सरकारसंगको सहकार्य बढाई प्रदेश र स्थानीय विकास योजनाहरूका प्राथमिकताहरू जिल्लाको संन्तुलित विकासका लागि मिल्दाजुल्दा बनाउन आपसी समन्वयका आधारमा प्रादेशिक प्राथमिकतासँग मिल्ने सुनिश्चितता गर्न सक्छन् ।

जिल्लामा कार्यरत सरकारी निकायहरू बीचमा आपसी समन्वयको अवस्था अनुगमन गरि आपसी समन्वयलाई प्रभावकारी बनाउन समय समयमा जिल्लास्तरमा स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा संलग्न विभिन्न सरकारी निकायहरू, दातृसहितका स्थानीय संघ संस्थालाई एकै स्थलमा उपस्थित गराई सबैपक्ष बीचको समन्वयमा देखापरेका समस्या र चुनौतीहरू पहिचान गरी सहभागितात्मक सहजिकरणको माध्यमबाट बाधा फुकाई सौहाद्रताका साथ कार्यान्वयनको लागि सहजीकरण गरेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ले स्थानीय राजश्व परामर्श समितिमा नीजिक्षेत्रलाई प्रतिनिधित्व गराएर स्थानीय उद्योग तथा व्यवसाय प्रर्बद्धन र रोजगारी दिने किसिमका नीति बनाई नीतिक्षेत्र संगको सहकार्यबाट दिगो आर्थिक संम्बृद्धि हासिल गर्ने सम्बन्धि प्रावधान नै राखेको छ (ऐनको दफा ६५)। यस सम्बन्धमा जिल्ला समन्वय समितिहरुले आफ्नो जिल्ला भित्रका निजी क्षेत्रका संस्थाहरू संग समन्वय गरि स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्ने वातावरणका लागि सहजिकरण गर्ने तथा जिल्लामा कार्यरत निजी क्षेत्रका संस्थाहरू, स्थानीयतह लगायतका सरोकारवालासँगको सहकार्यको अवस्था अनुगमन गरि समन्वय हुन नसक्नुका कारण पहिचान गरी जिल्ला सभा मार्फत प्रभावकारी समन्वयको भूमिका खेल्न सक्छन् ।

जिल्ला भित्रका सांस्कृतिक सम्पदा, वनवातावरण तथा अन्य प्राकृतिक श्रोतको अवस्था पहिचान, संरक्षण, संचालन तथा प्रवर्द्धनको लागि स्थापित संस्थागत संरचना तथा त्यसबाट भएका उपलब्धी तथा तीनीहरुको जगेर्नाका लागि स्थानीय समाज, समुदायहरुको भूमिका तथा आपसी समन्वय र सद्भावका सम्बन्धमा पनि जिल्ला समन्वय समितिले सामाजिक एकता र सामुदायिक विकास प्रवर्द्धन गर्न स्थानीय समुदायहरू बीच प्रभावकारी समन्वय र सहजिकरणका प्रयास भएका छन् । ७७ वटै जिल्ला समन्वय समितिको छाता संस्था जिल्ला समन्वय समिति महासंघ नेपालको अगुवाईमा प्रथम राष्ट्रिय जलवायु सम्मेलन गरेर जलवायु परिवर्तन र यसका असरबारे व्यापक राष्ट्रियस्तरमा जनचेतना फैलाउने कार्य लाई निरन्तरता दिदै आएको छ ।

प्राकृतिक तथा मानविय कारणबाट आईपर्ने विपद समाधान र व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकार विचको सहकार्यबाट विपद प्रतिरोधका लागि पूर्व तयारी, विपदका समयमा गर्नुपर्ने राहत उद्धार तथा पुर्नस्थापन र आधारभूत आवश्यकताको सहज आपुर्ति र शिक्षा, स्वास्थ र सुरक्षाका सम्बन्धमा आवश्यक श्रोतसाधनको लागि समन्वय गर्ने पुर्ननिमार्ण तथा दिगो व्यवस्थापनका लागि नेतृत्व लिई जननिर्वाचित स्थानीय प्रतिनिधिको हैसियतले विपद् व्यवस्थापन योजनाहरू विकास गरी समन्वयात्मक ढंगले कार्यान्वयनको प्रबन्ध गर्ने कार्यमा जिल्ला समन्वय समितिहरु अग्र भागमा नै छन् ।

लैगिक समानता तथा सामाजिक समावेशिताको अवधारणा अनुरुपका प्रबन्धगरी लैङ्गिक समानता प्रवर्द्धन गर्ने, सीमान्तकृत समूहहरूको सेवा र स्रोतहरूमा पहुँच सुनिश्चित गर्दै स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा सामाजिक समावेशीकरण लाई बढावा दिने गरी समन्वय गर्ने र दिगो विकासका लक्ष्यलाई सन् २०३० सम्म हासिल गर्ने राष्ट्रिय अठोटमा जिल्ला समन्वय समितिहरुले स्थानीयकरण गर्न तथा कार्यान्वयनको ऐच्छिक स्थानीय कार्यसम्पादनको अध्ययन र प्रतिवेदन गर्ने तथा नेपाल सरकारले संयुक्त राष्ट्रसंघको उच्चस्तरिय राजनितिक मञ्चमा पठाउने स्वैच्छिक राष्ट्रिय प्रतिवेदनका लागि सहकार्य गरि राम्रो पृष्टपोषण गरेको छ र गर्न सक्छ ।

नेपालको नयाँ संविधान अनुसार जिल्ला समन्वय समिति जिल्लामा हुने स्थानीय विकास कार्यक्रम र गतिविधिहरुको समन्वय र पर्यवेक्षण गर्ने महत्त्वपूर्ण निकाय हो । यसले नगरपालिका र गाउँपालिका लगायतका स्थानीय सरकारका निकायहरू बीचको समन्वयलाई सहज बनाउने कार्य गर्नुपर्छ । स्थानीयतहका विकास योजनाहरू प्रादेशिक प्राथमिकताहरूसँग मिल्दोजुल्दो छ भनी सुनिश्चित गर्न प्रदेशहरुले जिल्ला समन्वय समितिलाई परिचालन गरि प्रभावकारी कार्यान्वय र सम्बन्ध विस्तारका

लागि कार्यगर्ने र जिल्ला समन्वय समितिले जिल्ला भित्रका पालिकाहरुलाई सधाउ पुग्नेगरि प्रदेश सरकारसँग समन्वय गर्नुपर्छ । साथै स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा संलग्न विभिन्न सरकारी निकायहरू बीचको समन्वयलाई सहज बनाउनु पर्छ । जिल्लामा काम गर्ने गैरसरकारी संस्थाहरूसँग उनीहरूको कार्यक्रमहरू स्थानीय विकास प्राथमिकताहरूसँग मिल्ने सुनिश्चित गर्न समन्वय गर्नुपर्छ । स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्न जिल्लामा कार्यरत निजी क्षेत्रका संस्थाहरूसँग समन्वय गर्नुपर्छ । सामाजिक एकता र सामुदायिक विकास प्रवर्द्धन गर्न स्थानीय समुदायहरू बीच समन्वयलाई सहज बनाउनु पर्छ । स्थानीय आवश्यकता र प्राथमिकताहरूमा आधारित स्थानीय विकास योजनाहरू विकास र कार्यान्वयन गर्नुपर्छ । स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूलाई समर्थन गर्न स्थानीय स्रोत परिचालन गर्नुपर्छ । स्थानीय विकास कार्यक्रमहरू प्रभावकारी छन् भनि सुनिश्चित गर्न अनुगमन र मूल्याङ्कन गर्नुपर्छ । स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा नागरिकको सहभागितालाई सहज बनाउनु पर्छ । जिल्ला प्राकृतिक प्रकोपहरूको लागि तयार छ भनि सुनिश्चित गर्न जिल्ला समन्वय समितिले विपद् व्यवस्थापन योजनाहरू विकास र कार्यान्वयन गर्नुपर्छ । ज्ञान र स्रोत साझा गर्न र क्षेत्रीय विकास प्रवर्द्धन गर्न अन्य जिल्लाहरूसँग समन्वय गर्नुपर्छ । स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा लैङ्गिक समानतालाई बढावा दिनुपर्छ ।

स्थानीय तहमा सेवा र स्रोतहरूमा सीमान्तकृत समूहहरूको पहुँच सुनिश्चित गर्दै स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा सामाजिक समावेशीकरणलाई बढावा दिनुपर्छ । स्रोतको बाँडफाँड र उपयोग सहित सबै स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ ।

माथिका कार्यहरु गर्न स्थानीय सरकार संचालन ऐनमा संशोधन वा जिल्ला समन्वय समिति संचालन ऐन सम्बन्धि छुट्टै ऐन जारीगर्न जिल्ला समन्वय समिति महासंघ नेपालले मस्यौदा समेत बनाएर नेपाल सरकारलाई उपलब्ध गराएको अवस्था छ । मौजुदा संघ, प्रदेश र स्थानीयतह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन २०७७ का प्रावधानहरु महत्वपूर्ण छन् । जसमा संघ, प्रदेश र स्थानीय तहबीचको अन्तर सम्बन्धका अन्य आधार देहाय बमोजिम हुनेछन भनेर (क) राष्ट्रिय हितका आधारभत् विषय, (ख) राष्ट्रिय गौरव र एकताको संरक्षण, (ग) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयन, (घ) मौलिक हकको कार्यान्वयन, (ङ) राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान, (च) संविधानका व्यवस्थाहरुको समग्रता र सामञ्जस्यता, (छ) लोकतान्त्रीक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण, (ज) संविधानको अधीनमा रही साझा हित र सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तीत्व र कार्यगत स्वायत्तताको सम्मान, (झ) नेपाली नागरिकबीच समान व्यवहार र सुरक्षा, (ञ) कानून, नीति र न्यायिक वा प्रशासनिक निर्णय कार्यान्वयनमा आपसी समन्वय, परामर्श, सहयोग तथा सूचनाको आदान प्रदान, (ट) प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण, (ठ) प्राकृतिक, भौतिक तथा वित्तीय स्रोतको दीगो व्यवस्थापन र लाभको न्यायोचित वितरण, (ड) भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धन, (ढ) पारस्परिक सहयोग र सहकार्य, (ण) समानुपातिक समावेशी तथा सहभागितामूलक शासन व्यवस्था अवलम्बन, (त) नागरिकलाई प्रदान गर्ने सेवाको प्रभावकारिता, (थ) व्यापार, बस्तुको ढुवानी र सेवाको विस्तारमा आपसी सहयोग र समन्वय, (द) संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा अन्तर सम्बन्ध कायम गर्ने सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भएको अन्य विषय । (२) प्रदेश र स्थानीय तहले आफ्नो अधिकारको विषयमा कानून बनाउँदा उपदफा (१) मा उल्लेखित विषयलाई समेत आधार मान्नु पर्नेछ ।

मथिका बिषयका लागि जिल्ला समन्वय समितिको संबैधानिक भूमिका अनुसार जिल्लाको संन्तुलित विकासका लागि तीनैतहका सरकारसंग कार्यगत सहकार्यका पक्षमा किटानी सहितकार्य गर्ने प्रावधान सहितको नियमावली पनि जारी गर्नुपर्छ । स्थानीयतहका संघ महासंघलाई जिम्वेवारी सहित परिचालनको प्रावधान उक्त ऐन र नियमावलीमा राख्नुपर्छ ।

बिद्यमान समन्वय र अन्तर सम्बन्ध ऐनको दफा २६ मा **जिल्ला समन्वय समितिले देहायका विवषयमा समन्वय गर्नेछ भनि उल्लेख छ ।**

(क) संघ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य,

(ख) जिल्लामा रहने संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्य,

(ग) प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्य ।

(२) यस ऐन बमोजिम परिषद् वा प्रदेश समन्वय परिषद्मा पेश भएको कुनै विषयमा कुनै जिल्ला भित्रका स्थानीय तहबीचको समन्वयको विषय समावेश भएको र सो विषयमा जिल्ला समन्वय समितिबाट समन्वय वा सहजीकरण गर्दा उर्पयुक्त हुनेदेखिएमा परिषद् वा प्रदेश समन्वय परिषद्ले त्यस्तो विषय सम्बन्धित जिल्ला समन्वय समितिमा लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा जिल्ला समन्वय समितिले परिषद् वा प्रदेश समन्वय परिषद्बाट लेखी आए बमोजिम गरी परिषद् वा सम्बन्धित प्रदेश समन्वय परिषद लाई जानकारी दिनुपर्नेछ ।

*माथिका महत्वपूर्ण कार्यका लागि संविधानमा व्यवस्था भएको संरचना जिल्ला समन्वय समिति (संविधानको धारा २२०) लाई आवश्यक जनशक्ति, जनप्रतिनिधि र कर्मचारीलाई कामगर्ने ज्ञान, शिप क्षमता विकासका कार्यक्रम सहितको आर्थिक श्रोत उपलब्ध हुनेगरेको छैन । यसका सम्बन्धमा हालै सम्पन्न राष्ट्रिय समन्वय परिषदको बैठकले लिएका निर्णयहरु संघीयता कार्यान्वयनमा देखिएका अस्पष्टता र दोहोरोपन हटाउने, कानून निमार्ण गर्ने, जनशक्ति व्यवस्थापन र सेवा प्रवाहमा प्रभावकारीता ल्याउने, राष्ट्रिय तथ्यांकको एकिकृत अभिलेख प्रणालीको प्रबन्ध तथा परिषदको बैठक संचालन कार्यविधि निमार्ण (मिति २०८० आषाढ १७ गते कान्तिपुरमा प्रकाशित समाचार) आदि हेर्दा जिल्ला समन्वय समिति को भूमिका र संलग्नता बढाउन सकिने हुनाले सरकारले यस संरचनालाई परिचालनमा ध्यान दिनु आवश्यक छ ।*

# हार्दिक श्रद्धाञ्जली

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूको श्रीमती **सीता दाहालज्यू**को यहि असार २७ गते भएको असमायिक निधनको खबरले जिल्ला समन्वय समिति महासंघ नेपाल ज्यादै मर्माहत भएको छ । दिवंगत आत्माको चीर शान्तीका लागि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुखको क्षणमा उहाँको शोकाकुल सम्माननीय प्रधानमन्त्री लगायत परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दै, दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछौं ।



*स्व. सीता दाहाल*
*२०८०/०३/२७*

**राजन मेहता**
**अध्यक्ष**
**जिल्ला समन्वय समिति महासंघ नेपाल परिवार ।**

# रामेछाप जिल्ला समन्वय समितिको आर्थिक वर्ष २०७९/८० का गतिविधि



**आर्थिक वर्ष २०७८।७९ वार्षिक समीक्षा बैठक**

मिति २०७९।०९।२८ गते नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत अन्य प्रचलित कानूनले जिल्ला समन्वय समितिलाई निर्दिष्ट जिम्मेवारी बमोजिम जिल्ला समन्वय समितिको हलमा प्रतिनिधि सभा सदस्य माननीय पूर्ण बहादुर तामाङको प्रमुख आतिथ्यतामा वार्षिक समिक्षा कार्यक्रम आयोजना गरियो । जिल्लास्थित संघीय, प्रादेशिक कार्यालय तथा सम्पूर्ण स्थानीय तहको आर्थिक वर्ष २०७८।७९ को वार्षिक बजेट तथा कार्यक्रमको सम्बन्धमा छलफल गर्न प्रतिनिधि सभा सदस्य, बागमती प्रदेश सभा सदस्य तथा स्थानीय तहका जनप्रतिनिधी समेतको कार्यक्रममा उपस्थिति रहेको थियो । विषयगत कार्यालय र स्थानीय तहहरुको वार्षिक बजेट तथा कार्यक्रममाथि भएको प्रस्तुतीकरण र उक्त प्रस्तुतीकरणमाथि निर्देशन तथा सुझावहरु प्रतिनिधि सभा सदस्य बागमती प्रदेश सभा सदस्यहरुले दिनु भएको थियो । समग्र वार्षिक बजेट तथा कार्यक्रममाथि टिप्पणी गर्दै वार्षिक बजेट तथा कार्यक्रमको प्रभावकारीता अभिबृद्धिमार्फत रामेछाप जिल्लाको समृद्धि र विकासको लागि जिल्ला समन्वय प्रमुख श्री चिना खड्का कार्कीज्यूले तीनै तहका कार्यालय प्रमुखहरुलाई जिम्मेवार हुन निर्देशन दिनु भएको थियो । साथै तीनै तहका जनप्रतिनिधिहरुलाई कार्यक्रम तथा आयोजनाहरुमा देखिएको दोहोपना हटाउन सहजीकरण गरिदिनु हुन अनुरोध गर्दै कार्यक्रम समापन गर्नु भएको थियो ।

**सातौं जिल्ला सभा**

मिति २०७९।०९।२९ गते नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य प्रचलित कानूनले जिल्ला समन्वय समितिलाई निर्दिष्ट जिम्मेवारी बमोजिम जिल्ला समन्वय समितिको हलमा सातौं जिल्ला सभाको आयोजना गरियो । उक्त सभामा प्रतिनिधि सभा सदस्य तथा बागमती प्रदेश सभा सदस्यसमेतको उपस्थिति रहेको थियो । सभाले जिल्ला समन्वय समितिले गत आर्थिक वर्ष २०७८/७९ मा गरेको खर्च अनुमोदन अनुमोदन गरेको थियो । साथै जिल्लाको समग्र सन्तुलित विकास तथा समृद्धिको लागि महत्वपूर्ण १७ बुँदे निर्णयहरु गरिएको थियो ।



**स्थानीय तहको क्षमता अभिवृद्धि**

- जिल्लास्थित आठवटै स्थानीय तहका वडाध्यक्षहरुको लागि मिति २०७९ पुष १३ र १४ गते प्रदेश सुशासन केन्द्रको समन्वयमा दुई दिने अभिमूखीकरण कार्यक्रम संचालन भएको थियो । सो कार्यक्रममा ४५ जना वडाध्यक्षको उपस्थिति रहेको थियो र कार्यक्रमको अध्यक्षता जिल्ला समन्वय प्रमुखज्यूले गर्नु भएको थियो । कार्यक्रमको मुख्य ध्येय वडा कार्यालयबाट प्रवाह गरिने सेवा प्रवाहलाई थप सहज र नागरिक मैत्री बनाउन व्यक्तिगत घटना दर्ता वडाको काम, कर्तव्य र अधिकार, विपद् व्यवस्थापन, वातावरण संरक्षण, सामाजिक समावेशीकरणको विषयमा कानूनी तथा व्यवहारिक ज्ञान दिइएको थियो ।



- जिल्ला समन्वय समितिको कार्यालयबाट जिल्लास्थित मन्थली र रामेछाप नगरपालिका खाँडादेवी, सुनापति र दोरम्बाशैलुङ गाँउपालिकाका वडा सचिवहरुको लागि मिति २०७९ फाल्गुन १९ गते जिल्ला समन्वय समिति प्रमुखको प्रमुख आतिथ्यतामा एक दिने अभिमूखीकरण कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रमले वडा सचिवले गर्नु पर्ने सिफारिस, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता वितरण लगायतको महत्वपूर्ण विषयमा कानूनी व्यवस्था तथा व्यवहारिक विषयमा प्रशिक्षण दिइएको थियो । सहभागिहरुले कार्यक्रम अति नै महत्वपूर्ण भएको र आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिन अनुरोध गर्नु भएको थियो । सोही बमोजिमको कार्यक्रम बाँकी रहेका लिखु तामाकोशी, गोकुलगंगा र उमाकुण्ड गाउँपालिकाका वडा सचिवहरुलाई मिति २०७९ चैत्र २२ गते संचालन गरिएको थियो । सहभागिहरुले कार्यक्रमले धेरै कानुनी विषयमा स्पष्ट पारिदिएकोमा जिल्ला समन्वय समितिलाई धन्यवाद दिएका थिए ।

**स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन LISA सम्बन्धी अभिमूखीकरण**

- मिति २०७९ पुष १९, स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन LISA सम्बन्धी स्थानीय तहका प्रमुख, उपप्रमुख अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको लागि एक दिने अभिमूखीकरण कार्यक्रम जिल्ला समन्वय समितिको हलमा सम्पन्न भएको थियो । कार्यक्रमको मुख्य उद्देश्य स्थानीय तहको वित्तीय उत्तरदायित्व पारदशीता, तथा समग्र सुशासनको अवस्था सुधार गर्नु रहेको थियो । उक्त कार्यक्रमको अध्यक्षता जिल्ला समन्वय समितिका प्रमुख श्री चिना खड्का कार्कीले गर्नु भएको थियो । कार्यक्रममा प्रशिक्षकको रुपमा प्रदेश सुशासन तालिम केन्द्रका कार्यकारी निर्देशक र मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिवज्यूले सहभागिलाई स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन सम्बन्धमा अभिमूखीकरण गर्नु भएको थियो ।

### वित्तीय सुशासन जोखिम मूल्यांकन (FRRAP) सम्बन्धी तालिम

मिति २०७९ पुष २० र २१ गते जिल्लास्थित आठवटै स्थानीय तहका योजना अधिकृत लेखा प्रमुख FRAP र LISA को फोकल पर्सनलाई जिल्ला समन्वय समितिको हलमा वित्तीय सुशासन जोखिम मूल्यांकन (FRAP) सम्बन्धी २ दिने तालिम कार्यक्रम संचालन गरिएको थियो । सो कार्यक्रममा सहभागिहरुलाई वित्तीय सुशासन जोखिम मूल्यांकन तथा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन सम्बन्धी कानूनी व्यवस्था सो बमोजिमका हरेक सूचकहरुको प्रणालीमा प्रविष्टि गर्ने तरिकाको सम्बन्धमा व्यवहारिक ज्ञान प्रदान गरिएको थियो । कार्यक्रममा ३२ जना सहभागि रहनु भएको थियो ।

### रामेछाप जिल्लाको समृद्धि र विकासको लागि संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि संगको अन्तरक्रिया कार्यक्रम

मिति २०८०।०२।०७ गते नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत अन्य प्रचलित कानूनले जिल्ला समन्वय समितिलाई निर्दिष्ट जिम्मेवारी बमोजिम जिल्ला समन्वय समितिको हलमा प्रतिनिधि सभा सदस्य श्री पूर्ण बहादुर तामाङको प्रमुख आतिथ्यतामा बागमती प्रदेश सभा सदस्य, जिल्लास्थित स्थानीय तहका जनप्रतिनिधि तथा नागरिक समाज समेतको सहभागितामा जिल्लाको समग्र आर्थिक तथा सामाजिक अवस्था, विकास निर्माण सम्बन्धी कार्यहरुको अवस्था सम्बन्धी प्रस्तुती जिल्ला समन्वय समितिबाट गरिएको थियो । सोही प्रस्तुतीकरणमा आधारित रहि संघ, प्रदेश र स्थानीय तहले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम बनाउँदा जिल्लाको प्राथमिकता तथा सन्तुलित विकासको अवधारणालाई समेत आधारमानि गर्ने गरी तीनै तहका जनप्रतिनिधिहरुबीच अन्तरक्रिया भएको थियो । तीनै तहका जनप्रतिनिधिले कार्यक्रमको अन्तमा रामेछाप जिल्लाको समृद्धि र विकासको लागि १६ बुँदे साझा प्रतिबद्धता गर्नु भएको थियो ।

### आन्तरिक अध्ययन भ्रमण

संविधान र कानूनले दिएको जिम्मेवारीलाई कुशलतापूर्वक सम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सिप र अनुभव हासिल गर्न जिल्ला भित्रको आन्तरिक सिकाइ मात्र प्रयाप्त नहुने हुँदा अन्य जिल्ला समन्वय समितिले गरेका कार्यहरु, उनीहरुको अनुभव, समस्याहरु र जिल्लामा भएका विकास निर्माणको समन्वयको काममा जिल्ला समन्वय समितिले पुर्‍याएको योगदानको अनुभवहरुको आदान प्रदान गर्ने उद्देश्यले जिल्ला समन्वय समितिका पदाधिकारी र कर्माचारीहरुको एक प्रतिनिधि मण्डलले मिति २०७९ चैत्र ३ गते देखि ६ गते सम्म खोटाङ मोरङ र धनुषा जिल्लाको जिल्ला समन्वय समितिसँग छलफल गरी आन्तरिक अध्ययन भ्रमण गरिएको थियो । उक्त भ्रमणबाट महत्वपूर्ण सिकाई उपलब्धी भएको थियो ।

### जिल्ला सूचना अभिलेख केन्द्र स्थापना



संघ, प्रदेश र स्थानीय तहबाट राजपत्रमा प्रकाशित भएका कानूनहरु तथा सबै स्थानीय तहहरुको हालसम्म प्रकाशन भएका आवधिक योजना सूचनामूलक सामाग्री लगायतका प्रकाशित सामाग्रीहरुलाई एकीकृत गरी जिल्ला सूचना अभिलेख केन्द्रको स्थापना जिल्ला समन्वय समिति परिसरमा स्थापना गरिएको छ । साथै योजना, अनुगमन, मूल्यांकन सम्बन्धित कार्यविधि, दीग्दर्शन समेत जिल्ला सूचना अभिलेख केन्द्रमा राखिएको छ । जिल्ला सूचना अभिलेख केन्द्र स्थापनाको प्रमुख उद्देश्य स्थानीय तहका राम्रा अभ्यासहरुलाई साझा गर्ने तथा सिक्ने र अनुकरण गर्ने कार्यलाई प्रोत्साहन गर्नुका साथै जिल्लाका महत्वपूर्ण अभिलेखहरुको व्यवस्थापन गर्नु रहेको छ । उक्त सूचना अभिलेख केन्द्रको उद्घाटन तथा अवलोकन मिति २०८०।०२।०३ मा माननीय उपप्रधानमन्त्री श्री नारायण काजी श्रेष्ठबाट भएको थियो ।

### रामेछाप जिल्लासंग सम्बन्धित जानकारीमूलक पुस्तिका प्रकाशन

रामेछाप जिल्लाको जानसांख्यिक बस्तुस्थिति तथा जिल्ला स्थित स्थानीय तहको संक्षिप्त परिचय र रामेछाप जिल्लास्थित संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयहरुको सम्पर्क नम्बर, जिल्लास्थित एम्बुलेन्सहरुको विवरण र सम्पर्क नम्बर, सुरक्षा निकाय र तिनको सम्पर्क नम्बर, संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिको नाम र मोबाइल नम्बर, आठवटै स्थानीय तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारीको विवरण तथा सम्पर्क नम्बर, जिल्लामा रहेको संचार माध्यमहरुको विवरण तथा सम्पर्क नम्बर समेत समेटिएको जानकारीमूलक पुस्तिका जिल्ला समन्वय समितिको कार्यालयबाट प्रकाशन गरिएको छ ।

### कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार नियन्त्रण सम्बन्धी कार्यक्रम

पाचौं राष्ट्रिय महिला अधिकार दिवसको सन्दर्भमा कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार नियन्त्रण सम्बन्धी एक दिने कार्यक्रम जिल्लास्थित कार्यालय प्रमुख, गैरसरकारी संस्था तथा निजी क्षेत्रको छाता संगठन तथा पत्रकार महासंघ समेतको सहभागितामा सम्पन्न भएको छ । कार्यक्रमको प्रमुख उद्देश्य कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार नियन्त्रण गर्न व्यवस्थापक अर्थात कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनु रहेको थियो । उक्त कार्यक्रममा समग्र लैंगिक हिंसाको अवस्था, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी कानूनी व्यवस्था तथा लैंगिक हिंसा निवारणमा सकारात्मक सोचको भूमिका लगायतको विषयमा छलफल भएको थियो ।

### हालसम्म गरिएको समितिको बैठक

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम जिल्ला समन्वय समितिको हरेक महिना कम्तिमा एक वटा बैठक अनिवार्य गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । सोही बमोजिम यस आर्थिक वर्षमा जिल्ला समन्वय समितिले विभिन्न विषयमा १९ बटा बैठक गरेको छ ।

### विवाद समाधानको पहल

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन र प्रचलित कानूनले जिल्ला समन्वय समितिलाई जिल्ला भित्रको विवाद समाधान तथा तिनै तहका सरकारबीच समन्वय र सहकार्य गर्ने जिम्मेवारी दिएको छ । सोही जिम्मेवारी बमोजिम देहाय बमोजिमको विवाद समाधानको लागि पहल भएको छ ।

- खाँडादेवी गाउँपालिका वडानं. ५ को केन्द्र सम्बन्धमा विवाद हुँदा वडा कार्यालय भवन निर्माण सम्बन्धी कार्य रोकिएकोले उक्त विवाद समाधानका लागि भवन निर्माण स्थलको स्थलगत अनुगमन तथा निरीक्षण गरी स्थानीय नागरिकसंग छलफल गरिएको ।
- उमाकुण्ड गाउँपालिका वडा नं १ अन्तर्गत लिखु -२, ५५ मेगावाट क्षमताको जलविद्युत आयोजनाबाट सिर्जित समस्या समाधानका लागि भएको स्थलगत अनुगमन, सरोकारवालाको ध्यानाकर्षण सम्बन्धित पक्षहरुबीच छलफल गरिएको ।

### स्थानीय तहको वार्षिक बजेट, कार्यक्रम तथा आयोजनाहरुको स्थलगत अनुगमन र सुझाव सहितको प्रतिवेदन

नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था भई संविधानको धारा २२० (७) र स्थानीय सरकार

सञ्चालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ । जि.स.स.लाई संविधान र कानूनले निर्दिष्ट गरेबमोजिम जिम्मेवारी पूरा गर्नुपर्ने क्रममा जि.स.स. रामेछापबाट जिल्लास्थित संघ, प्रदेश तथा स्थानीय तहबाट संचालन भएका आयोजना तथा कार्यक्रमको अनुगमन गरी आयोजना कार्यक्रमको प्रभावकारीता बढाउन जि.स.स.का प्रमुखको नेतृत्वमा प्राविधिकसमेतको टोलीबाट जिल्लास्थित आठवटै स्थानीय तह अन्तरगत संचालित आयोजना तथा कार्यक्रमको स्थलगत अनुगमन गरी सुझाव सहितको प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइएको छ ।

### बेरुजू फछ्यौट सम्बन्धी कार्य

तत्कालीन जिल्ला बिकास समिति देखिको यस जिल्ला समन्वय समितिको कार्यालयको नाममा देखिएको बेरुजू रकम मध्ये रु. ३३ लाख रकम बराबरको बेरुजू नियमित गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रमाण सहित पत्राचार गरिएको असूल उपर गर्नुपर्ने रु. ४०,०००।- बराबरको बेरुजू रकम असूल उपर गरी बेरुजू फछ्यौटका लागि महालेखा परिक्षकको कार्यलयमा लेखी पठाइएको ।

### भ्रष्टाचार बिरुद्धको सचेतना अभियान

मिति २०८० असार १३ गते, जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा जिल्लास्थित सम्पूर्ण कार्यालय प्रमुख, स्थानीय तहका पदाधिकारी तथा पत्रकार समेतको सहभागितामा एक दिने भ्रष्टाचार विरुद्धको सचेतना अभियान कार्यक्रम संचालन गरियो । उक्त कार्यक्रममा राष्ट्रिय सतर्कता केन्द्रबाट भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा र रामेछाप जिल्लाका केही कार्यालयहरुको सेवा प्रवाह र सेवा ग्राही सन्तुष्टिको विषयमा प्रस्तुतीकरण भएको थियो ।

### स्थानीय तह अनुगमन तथा मूल्याङ्कन प्रणाली तथा अभ्यास सम्बन्धी कार्यक्रम

जिल्ला भित्रका स्थानीय तहका उपप्रमुख र उपाध्यक्ष सहित अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारी र जिल्ला समन्वय समितिका पदाधिकारीहरुको लागि मिति २०८० आषाढ २० र २१ गते कानूनी तथा संवैधानिक जिम्मेवारी बमोजिम स्थानीय तह तथा जिल्ला भित्र संचालित विकास निर्माण सम्बन्धित नीति योजना, कार्यक्रम, आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित कार्यलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन प्रणाली सम्बन्धी कानूनी व्यवस्था र व्यवहारिक अभ्यास सहित अभिमूखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । उक्त कार्यक्रममा जिल्ला समन्वय समितिबाट आ.व. २०७९/८० मा स्थानीय तहबाट संचालित आयोजना तथा कार्यक्रमको सन्दर्भमा स्थलगत अनुगमन गरी तयार गरिएको प्रतिवेदन हस्तान्तरण गर्ने कार्य समेत गरिएको थियो । उक्त कार्यक्रमबाट अनुगमन सम्बन्धी सीप विकास भएको जनाउदै सहभागीले जिल्ला समन्वय समितिलाई विशेष धन्यवाद दिनु भएको थियो ।

### अन्य गतिबिधि

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा स्थानीय तहका कार्मचारीहरुको लागि स्थानीय तहहरुको लागि सार्वजनिक वित्त एवं बेरुजु व्यवस्थापन अभिमुखीकरण, बेरुजु फछ्यौट तथा न्यूनिकरण सम्बन्धी कार्यक्रम मिति २०७९ चैत २४ गते संचालन गरिएको ।
- मिति २०८० जेठ ३० गते रामेछाप जिल्लामा रहेका गैरसरकारी निकायसंग समन्वय गर्ने तथा तिनका गतिबिधि अनुगमन गर्ने कार्यमा सहजीकरणका लागि सम्पूर्ण गैरसरकारी संघ संस्थाहरुसंग समन्वयकारी बैठक संचालन गरिएको ।
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ९ को उपदफा १ बमोजिमक गठित जिल्ला अनुगमन समितिको बैठक यस आर्थिक वर्षमा ५ पटक बसेको छ । जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा रहेको उक्त समितिले रामेछाप जिल्ला भित्र नदीजन्य पदार्थको उत्खनन् प्रशोधन तथा बिक्री गर्ने उद्योगहरु "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७" बमोजिम सञ्चालन भए नभएको सम्बन्धमा स्थलगत अध्ययन गरी प्रतिवेदन दिन प्राविधिक सहितको उपसमिति गठन भएको र सो उपसमितिबाट अध्ययन प्रतिवेदन प्राप्त भएको छ । साथै जिल्ला अनुगमन समितिको निर्णयानुसार नवीकरण तथा अध्यावधिक नभएका उद्योगको हकमा मिति २०८० असार मसान्त भित्र सो सम्बन्धमा सम्पूर्ण कानूनी प्रक्रिया पूरा गर्ने सम्बन्धित उद्योग संचालकलाई निर्देशन दिइएको छ । मापदण्ड बिपरित संचालित केही क्रसर उद्योगलाई मापदण्ड बमोजिम संचालन नभएको प्राविधिक प्रतिवेदनको आधारमा उत्खनन तथा प्रशोधन कार्य नगर्न निर्देशन दिइएको छ ।
- जिल्ला समन्वय समितिको सभाहल जीर्ण अवस्थामा रहेको साथै मेच टेबुल तथा अन्य फर्निचरहरु काम नलाग्ने अवस्थामा रहेको र जिल्लाभरिका संघ, संस्थाले समेत जिल्ला समन्वय समितिको हल नै प्रयोग गरिरहेको अवस्थामा सभाहलको तत्काल मर्मत गर्नु पर्ने आवश्यकता रहेको थियो । सोहि आवश्यकता बमोजिम सभाहलमा रहेका फर्निचर मर्मत गरिएको साथै सोलार मर्मत गरि बिजुली व्याकपको व्यवस्थापन मार्फत हाल समितिको सभाहलमा जिल्ला समन्वय समितिको मात्र नभएर अन्य कार्यालयहरुबाट समेत नियमित कार्यक्रमहरु हुदै आएको छ ।

### चिना खड्का (कार्की) प्रमुख, जिल्ला समन्वय समितिको अपेक्षा



यस जिल्ला समन्वय समितिको कार्यालयले आ.व. २०७९/८० भरि गरिएका विभिन्न महत्त्वपूर्ण गतिविधीलाई समेटेर तयार गरी प्रकाशित गरेकोमा हर्षित छु । जिल्ला समन्वय समितिलाई नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्पष्ट जिम्मेवारि र भूमिकाहरु प्रदान गरेको छ । सोही क्रममा आ.व. २०७९/८० मा समितिको कार्यालयलाई प्राप्त सीमित स्रोत तथा दरबन्दी अनुसारको कर्मचारीको अभावमा समेत संविधान र कानूनले तोकेको जिम्मेवारी पूरा गरी स्थानीय तह तथा जिल्ला स्थित कार्यालयहरुको अनुगमन तथा समन्वय सम्बन्धी केही महत्वपूर्ण कार्यहरु समेटिएको यस प्रकाशनले आगामी नेतृत्व तथा अन्य जिल्लालाई समेत उपयोगी हुने देखेको छु । यस समितिको कार्यलाई अझ प्रभावकारी बनाउन नेपाल सरकार, बागमती प्रदेश सरकार, विभिन्न राजनीतिक दल तथा स्थानीय, प्रदेश तथा संघीय जनप्रतिनिधिको निरन्तर सहयोग र साथ प्राप्त हुने अपेक्षा गरेको छु ।

### प्रेम बहादुर थापा, उपप्रमुख, जिल्ला समन्वय समितिको अपेक्षा



नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम जि.स.स.लाई निर्दिष्ट कार्यजिम्मेवारी बमोजिम यस समितिको कार्यालयबाट जिल्ला स्थित स्थानीय तहका वार्षिक बजेट तथा कार्यक्रमहरुको अनुगमन, जिल्ला भित्रका विवाद समाधान, स्थानीय तहको क्षमता अभिवृद्धि लगायतका महत्वपूर्ण कार्यहरु भएका छन् । उक्त कार्यक्रमहरु मध्य केही महत्वपूर्ण कार्यलाई समेटेर यो प्रकाशन गरिएकोमा खुशी लागेको छ । आगामी दिनमा यस समितिको भूमिका तथा कार्यजिम्मेवारीलाई अझ बढी सशक्त बनाउन सबै सरोकारवालाको सहयोको अपेक्षा गर्दै उल्लिखित कार्यक्रमहरु गर्ने सहजीकरण गरिदिने सबैमा हार्दिक आभार प्रकट गर्दछु । अनुगमन तथा समन्वय, सहकार्यको काममा सहयोग गर्नुहुने स्थानीय सरकार, राजनैतिक दल, नागरिक समाज, सरोकारवाला जिल्ला स्थित पत्रकार मित्रहरु सबैमा आगामी दिनहरुमा पनि सहयोग को अपेक्षा राख्दै हार्दिक धन्यबाद सहित आभार प्रकट गर्दछु ।

# रसुवा जिल्लाको संक्षिप्त परिचय




नेपालको मानचित्रमा बागमती प्रदेश अन्तर्गतको उत्तरीभाग चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमाना जोडिएको नजिकको विकट हिमाली जिल्ला हो । हिन्दु धर्मावलम्बीहरूको पवित्र तीर्थस्थल एवं ऐतिहासिक गोसाईकुण्ड ९४३८० मि. यसै जिल्लामा रहेको छ । जिल्लाको भौगोलिक बनौट, हावापानी, वनजंगलको विविधता, नदीनालाा र जलकुण्ड विभिन्न जातजातिहरूको बसोबास, रहनसहन, भेषभुषाका साथै जैविक विविधता बोकेको यस जिल्लाको आफ्नो पृथक ऐतिहासिक महत्व रहेकोछ । छिमेकी मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बतसँग मितेरी गाँसेर बसेको एक रमणिय जिल्ला हो । यस जिल्लाको नामाकरण कसरी भयो भन्ने वास्तविकताको गहिराहीमा पुग्ने हो भने स्थानीय भाषामा "र" को अर्थ भेडाच्याङग्राँ र "सोवा" को अर्थ चराउने वा राख्ने ठाउँ भन्ने बुझिन्छ । अर्थात प्रशस्त चरन क्षेत्र र भेडाच्याङग्रा पाइने ठाउँ भएकोले ँरसोवा भन्ने गरेको र स्थानीय बोलचालको भाषामा अप्रभंश भएर पछि रसुवा भनिन थालिएको विश्वास गरिन्छ ।

रसुवा जिल्ला अक्षांशको हिसावले २८° शुन्य मिनेट उत्तरी अक्षांश देखि २८° १५ मिनेट उत्तरी अक्षांशसम्म र ८५° १५ मिनेट देखि ८५° ५० मिनेट पूवी देशान्तरमा अवस्थित छ । सदरमुकाम धुन्चेको उचाई १९५० मिटर रहेको छ । भौगोलिक वनावटको हिसावले उच्च हिमशिखर, नङ्गा पहाड, भीर, पाखापखेरा, केही पहाडी एवं वेशी भू-भाग रहेको यस जिल्लालाई मुख्यतया तीन भागमा विभाजन गर्न सकिन्छ ।

१) **हिमाली प्रदेशः** यस क्षेत्रमा गणेश हिमाल, लाङटाङ हिमाल, लाङटाङ लिरूङ, यलापिक, लाङसिसा खर्क, साङजेन खर्क लगायतका ५,००० मि. भन्दा अग्ला भाग तथा सधै हिउँ जमिरहने पर्वत श्रृखलाहरू पर्दछन् ।

२) **लेकाली प्रदेशः** समुन्द्री सतह देखि २५०० भन्दा माथिका उच्च पहाडी भाग जहाँ सधै हिउँदको मौसममा बराबर हिमपात हुने यस क्षेत्रमा पर्दछन् । विशेष गरी लाङटाङ, क्यान्जिङ, घोडातबेला, गोसाईकुण्ड, लौरीविनायक, चन्दनवारी, माङचेत, सोमदाङ, गञ्जला भञ्ज्याङ आदि यस प्रदेशमा पर्ने मुख्य स्थानहरू हुन । यस भेगका मानिसहरू मौसम अनुसार बसोबास गर्ने र गोठ तल माथि सार्ने गर्दछन्। यहाँका मानिसहरू न्यानोको लागि बख्खु र ऊनीका बाक्लो लुगा लगाउने गर्दछन् भने भेडाबाख्रा, चौरी आदि पालन गर्ने गर्दछन् । तुलनात्मक रुपमा यहाँको जनजीवन कठिन भएको महशुस हुन्छ ।

३) **पहाडी तथा वेंसी प्रदेशः** समुन्द्री सतहदेखि २,५०० भन्दा तलको भागलाई यस जिल्लाको भू- स्वरूप अनुसार पहाडी भागमा समावेश गर्न उपयुक्त हुने देखिन्छ । वेत्रावती, पैरेवेसी, स्याफ्रुवेसी, फलाखु खोलाको किनार आदि नगन्य मात्रामा वेसी परेका स्थानहरू भएतापनि मुख्य मुख्य स्थानहरू पहाडी भू-भाग भएकोले स्थानीय जन-जीवनमा पहाडी प्रभाव अत्यधिक रहेको छ । धुञ्चे, गोल्जुङ, यार्सा, सरमथली, कालिकास्थान, लहरेपौवा, ठूलोगाउँ आदि यस क्षेत्रका प्रमुख स्थानहरू हुन । यहाँको जन-जीवन अन्यत्र भन्दा सामान्य भएतापनि उत्पादनको न्यूनता र उद्योग ब्यापारको कमीले गर्दा जनताहरूको जीवनस्तर माथि उठ्न सकेको छैन । खेतीपाती, पशुपालन यस भेगका बासिन्दाहरूको मुख्य पेशा ब्यवसाय रही आएको छ ।

**क) हावापानीः** साधारणतया, यहाँको हावापानी १,९०० मिटर भन्दा माथिको उचाईमा धेरै चिसो पाईन्छ । विषम धरातलिय स्वरूपको कारण हावापानीमा पनि विषमता हुनु स्वाभाविकै मानिन्छ । ५,००० मिटर भन्दा माथिको हिमाली भेगमा ज्यादै चिसो हावापानी, लेकाली प्रदेशमा ज्यादै चिसो र गमी याममा केहि उष्ण हुने गर्दछ । वेसी भू-भागमा प्रायः उष्ण हावापानी हुने भएकोले हावापानीको एकीन अवस्था पहिल्याउन कठिन छ । मनसुनी वर्षा र लेकाली हिमाली वर्षा हुने भएकोले करिव जेष्ठ महिना देखि आश्विन महिनासम्म प्रसस्त वर्षा हुने, मौसम प्रायः वदली रहने गर्दछ । आश्विन, कार्त्तिक, फाल्गुण, चैत्र र वैशाख महिनामा मौसम निकै राम्रो र सफा हुने गर्दछ ।

**ख) भू-उपयोगः** टोपोग्राफिक नक्सा १९९४ र ९८ का अनुसार यस जिल्लाको कूल क्षेत्रफल १,५१९।३१ वर्ग कि.मी. र राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार १५४४ वर्ग कि.मी. रहेको छ । जस मध्ये हवाई मैदान ०।०४ वर्ग कि.मी., झाडी क्षेत्र ६३।११ वर्ग कि.मी., १,५१२ वर्ग कि.मी., खेती योग्य जमिनको क्षेत्रफल ११९।१४ वर्ग कि.मी., जंगल ३८४।८८ वर्ग कि.मी., हिमनदी ९०।६८ वर्ग कि.मी., घाँसे जमिन १७५।४० वर्ग कि.मी., बरफ-चट्टान ०।५३ वर्ग कि.मी., बलौटे क्षेत्र ७।७५ वर्ग कि.मी., खेर गएको जमिन ६३५।५४ वर्ग कि.मी. र जल क्षेत्र ४२।२४ वर्ग कि.मी. रहेको छ । प्रति वर्ग कि.मी. २८ जनाको जनघनत्व रहेको छ । जम्मा घरधुरी संख्या ९,७७८ रहेको तथ्यांकबाट देखिन्छ ।

**ग) भौगोलिक सीमानाः** यस जिल्लाको पूर्वमा सिन्धुपाल्चोक, पश्चिममा धादिङ, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा नुवाकोट जिल्लासँग सीमाना जोडिएको छ ।

घ) प्रशासनिक विभाजनः प्रदेश - बागमती प्रदेश,

गाउँपालिका - आमाछोदिङमो गाउँपालिका, उत्तरगया गाउँपालिका, कालिका गाउँपालिका, गोसाईकुण्ड गाउँपालिका र नौकुण्ड गाउँपालिका

ङ) भूगोल तथा राजनीतिक विभाजन

| क्र.सं. | संघीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र संख्या | प्रदेश सभा निर्वाचन क्षेत्र संख्या | गाउँपालिका |
|---|---|---|---|
| १ | १ | "क" र "ख" | • आमाछोदिङमो गाउँपालिका<br>• उत्तरगया गाउँपालिका<br>• कालिका गाउँपालिका<br>• गोसाईकुण्ड गाउँपालिका<br>• नौकुण्ड गाउँपालिका |

च) जनसंख्याः राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार यस जिल्लाको कुल जनसंख्या ४३,३०० छ । जसमध्ये पुरूष २१,४७५ र महिला २१,८२५ छन् ।

छ) जाती, भाषा र धर्मः यहाँका मुख्य जातिहरूमा तामाङ, शेर्पा, घले, ब्राम्हण, क्षेत्री, गुरूङ, दमाई, कामी र नेवार छन् । यी जातिहरूद्वारा तामाङ, नेपाली, शेर्पा, गुरूङ र नेवारी भाषा बोल्दछन् भने बौद्ध, हिन्दु र क्रिश्चियन धर्म मान्दछन् ।

ज) स्वास्थ्य सेवा ः

- अस्पताल संख्या - २ (३० शैया)
- प्राथमिक स्वास्थ्य केन्द्र - ५
- स्वास्थ्य चौकी - ११
- उप-स्वास्थ्य चौकी - ६
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र - १
- आयुर्वेद केन्द्र - २
- उपलब्ध एम्बुलेन्स सेवा - ६

*स्रोत ः जिल्ला स्वास्थ्य कार्यालय, रसुवा*

झ) हुलाक सेवाः

- जिल्ला हुलाक कार्यालय १
- इलाका हुलाक कार्यालय ४
- अतिरिक्त हुलाक १३
- पत्र मञ्जुषा संख्या १८

ञ) टेलिफोन सेवाः नेपाल टेलिकमको ल्याण्ड लाईन र मोबाईल सेवा तथा एन.सेलको मोबाईल सेवा सञ्चालनमा रहेको । नेपाल टेलिकम, वर्ल्डलिंक, वर्ल्डफाईवर, सुबिसु लगायतको दुरसञ्चार कम्पनीले ईन्टरनेट सेवा प्रदान गरिरहेका छन् ।

ट) विद्युत सेवाः जिल्लाका ५ वटै गाउँपालिकामा राष्ट्रिय प्रसारण लाईनद्वारा वितरित विद्युत सेवा उपलब्ध छ । हाल जिल्लामा चिलिमे जलविद्युत कम्पनी लि. (२२ मे.वा.) निर्माण सम्पन्न भै राष्ट्रिय प्रशारण लाईनमा जडान भएको अवस्था छ भने माथिल्लो त्रिशुली ३ए(२१६ मे.वा.), रसुवनगढी जलविद्युत आयोजना (१११ मे.वा.), सान्जेन जलविद्युत आयोजना ए र बि (७६ र ४६ मे.वा.) लगायतका १८ वटा जलविद्युत आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन ।

ठ) बैकिङ तथा वित्तीय सेवाः यस जिल्लामा नेपाल बैंक लि., राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक जस्ता सरकारी र बैंक अफ काठमाडौं लगायतका निजी क्षेत्रबाट सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुले आर्थिक कारोवार र बैंकिङ सेवा प्रदान गरी रहेका छन् ।

ड) कृषि तथा पशु सेवा केन्द्रः कृषि तथा पशु सेवा सम्बन्धी सेवाहरु हाल सबै गाउँपालिकाबाट प्रदान भै रहेको छ ।

ढ) नदीनाला, ताल तथा पोखरीः यस जिल्लाबाट वाहिर बगेर निस्कने नदीहरूमा त्रिशुली, भोटेकोशी र फलाखु मुख्य छन् । त्रिशूलीको उद्गम स्थल प्रशिद्ध तीर्थस्थल गोसाँईकुण्ड हो भने भोटेकोशी चीनको स्वशासित क्षेत्र तिब्बतबाट नेपाल प्रवेश गरी टिमुरे, गोल्जुङ, स्याफ्रु, धुन्चे, हाकु, गतलाङ, राम्चे, डाडाँगाउँ, ठूलोगाउँ, लहरेपौवा हुदै वेत्रावतीबाट नुवाकोट जिल्ला प्रवेश गर्दछ । भोटबाट आएको भोटेकोशी स्याफ्रुवेंसीमा लाङटाङ खोलालाई आफुमा लीन गराउदै साविकको धुन्चे गा.वि.स.को सीमाना त्रिशूली नदीको संगम स्थलमा समाहित भएपश्चात त्रिशूली नदीको नामले प्रवाहित हुन्छ । लाङटाङ हिमालको हिमनदीको पानीबाट शुरू हुने लाङटाङ खोला ठाउँ ठाउँमा भीरपाखा, पखेरामा आफ्नो स्वरूप खोला, झरना हुदै भोटेकोशीमा बिलिन हुन्छ । यस्तै अन्य खोलाहरूमा चिलिमे खोला, मैलुङ खोला, नेसिङ खोला, घट्टे खोला र अन्य स-साना खोलाहरू जिल्लाका प्रत्येक भागमा असंख्य मात्रामा रहेका छन् ।

यस्तै गोसाईकुण्ड, तातोपानी, पार्वतीकुण्ड, सूर्यकुण्ड, भैरवकुण्ड, सरस्वतीकुण्ड, गणेशकुण्ड, जागेश्वर कुण्ड, दूधकुण्ड, रिभरकुण्ड जस्ता कुण्डहरू यस जिल्लाका विभिन्न स्थानहरूमा अवस्थित छन् ।

ण) यातायातः यस जिल्लाको ५ वटै गाउँपालिकाहरुमा सडकको पहुँच पुगेको छ ।

तपशिलः

| सि.नं. | सडकको नाम | लम्बाई |
|---|---|---|
| १. | वेत्रावती-सोमदाङ | ८३ कि.मी. मध्ये हाल वेत्रावती देखि स्याफ्रुवेंसी सम्म ५५ कि.मी. कालोपत्रे बाँकी ग्राभेल कच्ची |
| २. | कालिकास्थान -सरस्यू | ६ कि.मी. ग्रावेल/कच्ची |
| ३. | धुञ्चे शिवमन्दिर- जिल्ला अस्पताल | १.५ कि.मी. ग्रावेल |
| ४. | गोलजुङ बाहुनडांडा - चिलिमे, थाम्बुचेत | ५ कि.मी. ग्रावेल |
| ५. | वेत्रावती -पैरेवेशी- मैलुङ् | ७ कि.मी. ग्रावेल |
| ६. | बोगटीटार-सिम्ले -भोर्ले | १२ कि.मी. ग्रावेल/कच्ची |
| ७. | स्याउबारी-लौकिल-लाङबु-दोकलाङ | १६ कि.मी. ग्रावेल/नयाँ ट्र्याक /कच्ची |
| ८. | लाच्याङ-सरमथली-पाटीखर्क | ८ कि.मी. नयाँ ट्र्याक /कच्ची |
| ९. | शान्तिबजार-डाँडागाउँ | ४ कि.मी. नयाँ ट्र्याक / कच्ची |
| १०. | बनुवा-कर्मिडाँडा-ढुंगे-कालिकास्थान | १० कि.मी. ग्रावेल |
| ११. | वेतीनि-उपल्लो पौवा | २ कि.मी. नयाँ ट्र्याक |
| १२. | धारापानी -रुप्सेपानी- जिवजिवे | ९ कि.मी. नयाँ ट्र्याक |
| १३. | धारापानी - तारुके | ३ कि.मी. नयाँ ट्र्याक |
| १४. | बनुवा-चौकीटार-बोगटीटार | ३ कि.मी. नयाँ ट्र्याक |
| १५. | गल्लांग ग्रे हाकु कृषि सडक | ६ कि.मी. नयाँ ट्र्याक |
| १६. | दशमुरे धुसेनी रुप्सेपानी सडक | ३.५ कि.मी. नयाँ ट्र्याक |
| १७. | भोर्ले चिति खाल्चेत सरस्यु सडक | ६ कि.मी. नयाँ ट्र्याक |
| १८. | लर्च्याङ निर्कुभुमे यार्सा सडक | ४ कि.मी. नयाँ ट्र्याक |
| १९. | सोले भिमली कृषि सडक | १ कि.मी. नयाँ ट्र्याक |
| २०. | सानोभार्खु ब्रावल ठुलो स्याफ्रु कृषि सडक | ३ कि.मी. नयाँ ट्र्याक |

| | | |
|---|---|---|
| २१. | गल्लांग च्याम्तोल गोल्जुंग रोंगा कृषि सडक | ३ कि.मी. नयाँ ट्रयाक |
| २२. | रोंगा पाजुंग तातोपानी सडक | २ कि.मी. नयाँ ट्रयाक |
| २३. | मिनरल वाटर नागुन सडक | १।५ कि.मी. नयाँ ट्रयाक |
| २४. | स्याफ्रुवेशी देखि रसुवागढी सडक | १६ कि.मी. ग्राभेल |

**त) जिल्लाको शैक्षिक अवस्थाः** राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार यस जिल्लाको कूल जनसंख्या ४३३०० मध्ये महिला २१८२५ तथा पुरुष २१४७५ छन् । ६ वर्ष उमेर भन्दा माथिका जनसंख्यामा ५९।८० प्रतिशत साक्षर रहेको देखिन्छ जसमा पुरुष ६७।९५ प्रतिशत र महिला ५२।४१ प्रतिशत रहेको देखिन्छ ।

**थ) जिल्लाको खानेपानीको अवस्थाः** जिल्लाबासीले पिउने पानीको प्रमुख श्रोतको प्रयोगको आधारमा खानेपानीको अवस्था ।

| खानेपानीको श्रोत | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| धारारपाइप | ८५५९ | ८७।९० |
| ट्युवेल | ० | ०।० |
| इनार ढाकिएको | ११ | ०।१ |
| इनार नढाकिएको | ९५ | १।० |
| मुल | ९०६ | ९।३ |
| नदीरखोला | १०६ | १।१ |
| उल्लेख नभएको | २८ | ०।३ |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्यांक विभाग*

**द) धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरुः** विभिन्न जातजाती, भाषाभाषी, सम्प्रदाय र धर्मावलम्बीहरुको बसोबास रहेको यस जिल्लामा विभिन्न धार्मिक एवं सास्कृतिक रुपले महत्वपूर्ण मानिने तालतल्लैया, हिमाल, मन्दीरका साथै रसुवागढी र वेत्रावती जस्ता ऐतिहासिक स्थलका अलवा क्याजिन उपत्यका जस्तो रमणीय स्थलहरु पनि रहेका छन । गोसाईकुण्ड ९४३८० मिटर०, भैरवकुण्ड, सरस्वतीकुण्ड, सूर्यकुण्ड, पार्वतीकुण्ड, तातोपानी, रसुवागढी र गुप्तेश्वर महादेव, कालिकास्थान मन्दिर, क्यान्जिन उपत्यका (उचाई ३५०० मि.) लगायतका अनेकौं धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरुको अवस्थितिले गर्दा यो जिल्ला धार्मिक, सास्कृतिक एवं पर्यटकीय गन्तब्यको हिसावले धनी रहेको छ ।

**ध) प्रमुख ब्यापारिक नाका तथा केन्द्रहरुः** यस जिल्लाका प्रमुख ब्यापारिक नाका रसुवागढी, मुख्य ब्यापारिक क्षेत्रहरुः वेत्रावती, कालिकास्थान, धुञ्चे, स्याफ्रुवेशी, चिलिमे, टिमुरे आदि हुन ।

## जिल्ला समन्वय समिति रसुवाका पदाधिकारीहरु

| क्र.सं. | नाम | पद | पार्टी | मोवाईल नं. |
|---|---|---|---|---|
| १. | श्री अशोक कुमार घिमिरे | प्रमुख | नेकपा एमाले | ९८५१२४९७४२ |
| २. | श्री विजय लामा | उपप्रमुख | नेकपा एमाले | ९८६३८०१६८० |
| ३. | श्री कारतोक लामा | सदस्य | नेकपा एमाले | ९८५१०३१३९४ |
| ४. | श्री देशी रानी तामाङ्ग | सदस्य | नेकपा एमाले | ९७४४२४९८११ |
| ५. | श्री सबिता गुरुङ्ग | सदस्य | नेपाली कांग्रेस | ९८६९३५४८३५ |
| ६. | श्री पार्वती विश्वकर्मा | सदस्य | नेपाली कांग्रेस | ९८५१०३१३९४ |
| ७. | श्री कामी छिरिङ्ग तामाङ्ग | सदस्य | नेकपा एमाले | ९७४२४६०८४० |
| ८. | श्री खिल बहादुर न्यौपाने | सदस्य | नेपाली कांग्रेस | ९८४१०८३२८६ |
| ९. | श्री खुवा प्रसाद पौडेल | सदस्य | नेकपा एमाले | ९८४१५५०४७० |




*२०८०।०३।२१ गतेको गोरखापत्रमा प्रकाशित*




जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष एवं जि.स.स. सुनसरीका प्रमुख राजन मेहताज्यूलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयबाट सम्माननीय प्रधानमन्त्री अध्यक्ष रहेको राष्ट्रिय समन्वय परिषद्को सदस्य पदमा मनोनीत हुनु भएकोमा हार्दिक बधाई तथा शुभकामना ।

# महासंघ तथा जिल्ला समन्वय समितिहरुको जिल्लास्थित अनुगमन, गतिविधि तथा अन्य





जिल्ला समन्वय समिति रसुवाका प्रमुखज्यूको आतिथ्यतामा जनप्रतिनिधि एवं पत्रकारहरुसंगको भेटघाट कार्यक्रम २०८०/०१/१२, धुन्चे, रसुवामा सम्पन्न।




२०८०/०१/२१, जिल्ला समन्वय समिति गण्डकी प्रदेश समितिका अध्यक्ष लिलाधर पौडेलको नेतृत्वमा नवनियुक्त मुख्य मन्त्री सुरेन्द्र पाण्डेलाइ १० बुँदे ज्ञापन पत्र बुझाइयो ।





विपद जोखिम व्यवस्थापन विषयक राष्ट्रिय कार्यशालामा सहभागि हुँदै महासंघ प्रतिनिधि मण्डल २०८०।०१।११ गते काठमाण्डौं ।




जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख राजकुमार थापाज्यूको अध्यक्षतामा बेनी नगरपालिका वडा नं. ७ मा शान्ति पार्क निर्माण सम्बन्धी सर्वपक्षीय बैठक बस्दै ।



जि.स.स. म्याग्दीका प्रमुखज्यूको टोलीले बेनी अस्पतालको अलपत्र स्थित भवनको अवलोकन ।



जि.स.स. म्याग्दी प्रमुखज्यूको टोलीले बर्षाको समयमा अनुगमन गर्दै



जि.स.स. म्याग्दी प्रमुखज्यूको अध्यक्षतामा नदिजन्य तथा खनिजन पदार्थको बैठक बस्दै





२०८०।०१।३१, जि.स.स. रसुवाका प्रमुख अशोककुमार घिमिरेज्यूको अध्यक्षतामा सुआहाराको दोस्रो कार्यक्रम जिल्ला स्तरिय सिकाई आदानप्रदान कार्यशाला गोस्ठीमा ५ वटै गा.पा. अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, स्वास्थ्य शाखा संयोजक सहित विभिन्न संघ/संस्थाका प्रमुख प्रतिनिधिहरुको उपस्थितिमा जि.स.स.को सभाहल धुन्चे, रसुवामा सम्पन्न ।





२०८०।०१।३१, जि.स.स. सर्लाहीका प्रमुखज्यूको नेतृत्वमा हुलाकी सड्क प्रथम चरण (मलंगवा-हर्दी नदी)को अनुगमन तथा अवरोध हटाउने कार्य भयो ।





२०८०/०१/११ धुन्चे जिल्ला समन्वय समिति रसुवाको आयोजनामा समन्वय प्रमुख अशोककुमार घिमिरेको अध्यक्षतामा, प्रदेश माननीय इन्द्र गौतमको प्रमुख आतिथ्यता, प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारी बिभिन्न राजनीतिक दलका प्रमुख, प्रतिनिधिहरु, गाउँपालिका अध्यक्ष उपाध्यक्षहरु, जिल्ला स्थित सबै कार्यालय प्रमुख हरु, सुरक्षा निकायका प्रमुखहरु समेत उपस्थितिमा दोस्रो चौमासिक सम्मको प्रगति समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

सम्पादनः कृष्णचन्द्र न्यौपाने सामग्री संकलन तथा लेआउटः दिनेश श्रेष्ठ

जिल्ला समन्वय समिति महासंघ नेपाल Association of District Coordination Committees of Nepal (ADCCN)
☎: 977-15454081 Fax # 977-1-5448469 BabarMahal, Kathmandu
E-mail : adccn@adccn.org.np; adccn77@gmail.com URL: www.adccn.org.np